# अध्याय-एक
# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोध पत्रको शीर्षक **कक्षा-६ मा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमताको अध्ययन** रहेको छ ।

## १.२ शोधको प्रयोजन

शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षण विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली शिक्षा विषयको (नेपाली शि. ५९८) पाठ्यांशको प्रयोजनार्थ गरिएको हो ।

## १.३ समस्याकथन

शोधमा अनुसन्धानका निम्ति छानिएको कुनैपनि अनुसन्धेय विषयवस्तु नै समस्या हो । शोधकार्यका सिलसिलामा समस्यालाई पूर्ण परिभाषित नगरेसम्म शोध प्रक्रिया अगाडि बढ्न सक्दैन । यस सन्दर्भमा शीर्षकको सापेक्षतामा रहेर कुरा गर्नु गर्नुपर्दा कथ्यबाट बोध गर्नु नै श्रुतिबोध हो ।

मौखिक र लिखित अभिव्यक्तिलाई प्रभाकारी बनाउन भाषिक सीपको आधारशिलाका रूपमा रहेको श्रुतिबोधसँग सम्बन्धित समस्याप्रति परिचित भएपछि मात्र शिक्षण सामग्रीबाट स्तरअनुसारको उपलब्धि हासिल गर्न सकिन्छ । यस अध्ययनमा **कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमताको अध्ययन** रहेकोले यससँग सम्बन्धित निम्न अनुसार समस्याहरूलाई उल्लेख गरिएको छ ।

(क) कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमता के कस्तो छ ?

(ख) भाषिक पृष्ठभूमिको आधारमा नेपाली मातृभाषी तथा नेपाली दोश्रोभाषी विद्यार्थीहरूको श्रुतिबोध क्षमता कस्तो रहेको छ ?

(ग) लैङ्गिक आधारमा छात्र तथा छात्राको श्रुतिबोध क्षमता के कस्तो छ ?

(घ) विद्यालय प्रकृतिका आधारमा निजी तथा सार्वजनिक विद्यालयका विद्यार्थीहरूको श्रुतिबोध क्षमता के कस्तो छ ?

(ङ) दृष्टांश तथा अदृष्टांश पाठ्य उद्धरणको आधारमा श्रुतिबोध क्षमता कस्तो छ ?

(च) स्थानीयताका आधारमा गाउँ तथा सहरका विद्यार्थीहरूको श्रुतिबोध क्षमता के कस्तो छ ?

## १.४ शोधको उद्देश्य

मानिसले प्रत्येक कार्य थालनी गर्दा केही न केही लक्ष्य लिएको हुन्छ । कुनै निश्चित विषय, क्षेत्रमा अवस्थित समस्याहरूको क्रमबद्ध एवम् व्यवस्थित तरिकाबाट खोज गर्न नै उद्देश्यको आवश्यकता पर्दछ । प्रस्तुत अध्ययनमा विभिन्न आधारहरूको सहायताबाट कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमताको लागि निम्नलिखित उद्देश्य रहेका छन् ।

(क) कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमता पहिल्याउनु,

(ख) भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी तथा नेपाली दोश्रोभाषी विद्यार्थीहरूको श्रुतिबोध क्षमता पत्ता लगाउनु,

(ग) लैङ्गिक आधारमा छात्र तथा छात्राको श्रुतिबोध क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु,

(घ) कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश पाठ्य उद्धरणका बीच श्रुतिबोध क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु,

(ङ) स्थानीयताका आधारमा गाउँ र शहरका विद्यार्थीहरूबीच श्रुतिबोध क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु,

(च) निजी र सार्वजनिक विद्यालयका विद्यार्थीहरूको श्रुतिबोध क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु ।

## १.५ प्राक्कल्पना

(क) कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमता सन्तोषजनक छ ।

(ख) नेपाली मातृभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिबोध क्षमताको सार्थक अन्तर छैन ।

(ग) गाउँ र शहरका विद्यार्थीहरूको श्रुतिबोध क्षमतामा सार्थक अन्तर छैन ।

(घ) छात्र र छात्राको श्रुतिबोध क्षमतामा सार्थक अन्तर छैन ।

(ङ) निजी र सार्वजनिक विद्यालयका विद्यार्थीहरूको श्रुतिबोध क्षमतामा सार्थक अन्तर छैन ।

(च) दृष्टांश र अदृष्टांश पाठ्य उद्धरणका बीच श्रुतिबोध क्षमतामा सार्थक अन्तर छैन ।

**१.६ अध्ययनको महत्त्व**

श्रुतिबोध भनेको कुनै मौखिक अभिव्यक्तिलाई सुनेर त्यसको मूल आशयलाई बुझ्नु हो । विद्यार्थीहरूमा उनीहरूको तहअनुसारको भाषिक सीप तथा भाषिक कलाको विकासमा श्रुतिबोधलाई प्रमुख आधारविन्दु मान्न सकिन्छ । "राम्रोसँग सुने बुझिने र बुझ्न सकेपछि मात्र उत्कृष्ट अभिव्यक्ति दिन सकिने भएकोले अर्थको अनर्थ नहोस र व्यक्तिको सोचाइ, बोलाइ तथा काम गराइमा प्रतिकूल असर पर्न नजाओस् भन्नाका लागि सिकाइमा श्रुतिबोधको आवश्यकतालाई औल्याउन सकिन्छ ।" (शर्मा: ०६३:९९)

भाषिक सीपहरूको सयुक्त विकासका लागि श्रुतिबोध क्षमताको विकास गर्न आवश्यकता अनुरूप वक्ताको हाउभाउ, अङ्ग सञ्चालन, चेष्टा, लय, आघात जस्ता भाषेतर तत्त्वलाई पनि समावेश गरी अभ्यास गराउन सकिन्छ । विद्यार्थीको रूचि, क्षमता, स्तर अनुकुलका साथै पाठ्यक्रमले तोकेअनुसार श्रुतिबोध सम्बन्धी उद्देश्य पूरा भए वा भएनन् जस्ता कुराहरूको जानकारी प्राप्त हुन सक्छ । विद्यार्थीहरूको बोध क्षमतालाई बुझेर पाठ्यक्रम सुधार गर्न, शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन, खण्डनात्मक प्रतिक्रिया व्यक्त गर्न, व्याख्या गर्न, विश्लेषण गर्न, मूल्याङ्कन गर्न र विवेचना गर्न श्रुतिबोधको महत्त्वपूर्ण स्थान पाइन्छ ।

निम्नमाध्यमिक तहको नेपाली पाठ्यक्रमले यस तहको अध्ययन पूरा भएपछि विद्यार्थीहरूले पढेका तथा सुनेका कुराको सारांश भन्न र लेख्न तथा सन्दर्भपूर्वक प्रयोग गर्न सक्षम हुनेछन् भनी उद्देश्य किटान गरिएको छ । यस तहका विद्यार्थीहरूलाई श्रुतिबोधका आधारमा सृजनात्मक एवम् साहित्यिक अभिक्षमताको विकास गर्न मद्दत पुऱ्याउन सकिन्छ । भाषिक सीपको जगको रूपमा रहेको श्रुतिबोधको कमजोरीले गर्दा

भाषा शिक्षणका अन्य सीपमा पर्ने दुरगामी प्रभावले विभिन्न तहका विद्यार्थीहरूको गुणात्मक पक्षको विकासमा बाधा पर्दछ । शिक्षा समयसापेक्ष, विद्यार्थीको रुचि, उमेर, स्तर, राष्ट्रिय आवश्यकता तथा विषयगत गाम्भीर्यताका आधारमा पाठ्यक्रम निर्माण तथा शिक्षण प्रक्रिया अपनाई उत्कृष्ट जनशक्ति तयार गर्नमा यस अध्ययनको महŒव छ ।

## १.७ पूर्वकार्यको समीक्षा

कुनै पनि विषयको अध्ययन गर्नुभन्दा अघि त्यस विषयका बारेमा भए गरेका कार्यको पूर्व अध्ययन पश्चात मात्र विषयको अध्ययनमा प्रवेश गर्नु उचित हुन्छ । भाषाका आधारभूत सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइमध्ये प्रारम्भिक तथा आधारभूत सीपमा सुनाइलाई लिइन्छ । भाषिक सीपका विषयमा भएका अनुसन्धानलाई सरसर्ती हेर्दा सुनाइ र बोलाइ सीपभन्दा पढाइ र लेखाइसीपमा अनुसन्धान बढी भएको पाइन्छ । पढाइ सीपमा पनि सस्वरवाचन, मौनपठन, पठनबोध र बोध गम्यताको अध्ययन भएको पाउन सकिन्छ । तर सुनाइ सीपअन्तर्गत श्रुतिबोधको अध्ययन अङ्ग्रेजी भाषामा केही मात्रामा भएपनि नेपाली भाषामा यसको अध्ययन नगन्य मात्रामा भएको पाइन्छ । श्रुतिबोध सीप एक किसिमको विविधतापूर्ण सीप भएकोले अन्य सीप जतिकै कक्षाकोठाको साधारण वातावरणमा सञ्चालन गर्न सम्भव हुँदैन । यसलाई विशेष किसिमको वातावरण सिर्जना गर्नु आवश्यक हुन्छ । श्रुतिबोधका लागि आवश्यक सामग्रीको रूपमा पाठ्यपुस्तक त बल्लतल्ल उपलब्ध गराइने हाम्रा विद्यालयमा श्रुतिबोधको उपकरणको अभाव उत्तिकै रहेको पाउन सकिन्छ । विद्यालयका प्रमुख प्रशिक्षक शिक्षक नै श्रुतिबोध कार्यकलापमा अनभिज्ञ भएबाट यसको अध्ययनमा कमी आएको अनुमान गर्न सकिन्छ । भाषाका आधारभूत सीपमा रहे भएका केही अध्ययनको तल चर्चा गरिन्छ ।

वि.सं. २०३९ सालमा शङ्करकुमार राईद्वारा स्नातक उपाधिका लागि दशौं श्रेणीमा अध्ययनरत विद्यार्थीहरूको नेपाली भाषा मौन पठनबोध एक अध्ययन शीर्षक

रहेको थियो । उक्त अध्ययनको उद्देश्य विद्यार्थीहरूमा रहेको मौन पठनबोधको क्षमता पहिचान गर्नु थियो । यसमा विद्यार्थीहरूलाई निर्दिष्ट पाठ्यसामग्री पठन गर्न लगाई उनीहरूबाट लिखित जवाफ सङ्कलन गरिएको थियो । विद्यार्थीहरूमा पठनबोध क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको थियो । विद्यार्थीहरूलाई कक्षा शिक्षणमा पठन अभ्यास गराउने सुझाव दिएको थियो ।

जे. आर.वस्ती (२०५२/ज्ञढढछ)द्वारा अङ्ग्रेजी भाषामा लिस्निङ टाक्स टु द फस्ट इयर प्रोफिसियन्स सर्टिफिकेट स्टुडेन्ट अफ त्रिभुवन युनिभर्सिटी शीर्षकमा पि.एच.डी. प्रयोजनार्थ शोधकार्य पूरा गरिएको पाइन्छ । यस अध्ययनको उद्देश्य विद्यार्थीहरूमा श्रुतिबोधको कमजोरीले गर्दा हुने त्रुटिहरू पत्ता लगाउनु रहेको थियो । यस अध्ययनमा विद्यार्थीहरूको समूहलाई श्रुतिबोध क्षमता थाहा पाउन पाँचवटा वहुबैकल्पिक प्रश्नहरू विद्यार्थीहरूलाई सोधी तिनीहरूले दिएको उत्तरको रेकर्डको आधारमा त्रुटिको अध्ययन गरेका थिए । यस अध्ययनको निष्कर्ष सार्वजनिक विद्यालयका श्रुतिबोध क्षमता राम्रो भएको पाइएको छ । श्रुतिबोधको विकास गर्न अभ्यासको आवश्यकता औंल्याउका छन् ।

नविनकुमार सिंह (२०५७/द्दण्ण्ण) द्वारा अङ्ग्रेजी भाषामा अ स्टडी अन लिस्निङ कम्प्रिहेन्सन अफ ग्रेड एट स्टुडेन्टस शीर्षकमा शोधकार्य पूरा भएको पाइन्छ । यस अध्ययनको उद्देश्य विद्यार्थीहरूको श्रुतिबोध क्षमता अध्ययन गर्नु र श्रुतिबोध विकासमा आइपर्ने समस्या पत्ता लगाई शैक्षणिक क्षेत्रको सुधार गर्नु रहेको छ । यस अध्ययनमा काठमाडौं उपत्यकाका चारवटा विद्यालयका (निजी+सार्वजनिक) ८० जना विद्यार्थीलाई प्रतिनिधि नमुना छनोट गरी रेकर्ड गरिएको परीक्षण सामग्री श्रवण गराइएको थियो । प्रश्नहरूको अध्ययनबाट लिखित रूपमा सामग्री सङ्कलन गरिएको थियो । कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको थियो । बोधक्षमताको विकास गर्न आवश्यक उपकरणको सुलभताका साथै कक्षाकोठामा श्रुतिबोधसम्बन्धी पाठ्यसामग्रीलाई पनि समय छुट्याउनु पर्ने सुझाव दिएका छन् ।

यस अध्ययनमा ठीक र बेठीक परीक्षणका आधारमा मात्र अध्ययन गरिएकोले तुलनात्मक तथा विश्लेषणात्मक अध्ययन पक्ष कमजोरी पाउन सकिन्छ ।

गुरुप्रसाद गौतम उपाध्याय (२०६०)द्वारा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन शीर्षकमा शोधकार्य पूरा गरेका छन् । यस अध्ययनको उद्देश्य कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता पहिल्याउनु रहेको छ । यस अध्ययनमा भाषिक पृष्ठभूमि, लिङ्ग, क्षेत्र एवम् स्थानीयताका आधारमा पठनबोध क्षमता पहिल्याउनु रहेको थियो । दाङ र सल्यान जिल्लाका १२० जना कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाको रूपमा लिएको थियो । दृष्टांश र अदृष्टांश उद्धरणबाट सामग्री निर्माण गरी तथ्याङ्क सङ्कलन गरिएको थियो । विद्यार्थीहरूको पठनबोध क्षमता निकै कमजोर स्थितिमा रहेको निष्कर्ष निकाएको थियो । परीक्षण सामग्रीको निर्माण गर्दा कठिनाइ स्तर ख्याल नगरी निर्माण गरिएको पाउन सकिन्छ ।

कृष्णप्रसाद ज्ञवाली (२०६३) द्वारा कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन शीर्षकमा शोधकार्य पूरा गरेका छन् । यस अध्ययनको उद्देश्य कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता पहिल्याउनु र स्थानीयता, भाषिक पृष्ठभूमि, लैङ्गिकता, विद्यालय प्रकृति र जातीयताका आधारमा पठनबोध क्षमताको तुलनात्मक विश्लेषण गर्नु रहेको छ । यस अध्ययनमा प्रतिनिधि नमुनाका रूपमा भक्तपुर, ललितपुर र काभ्रेपलाञ्चोक जिल्लाका ६ ओटा विद्यालयका कक्षा १० मा अध्ययनरत २०८ जना विद्यार्थीहरू लिइएको थियो । दृष्टांश र अदृष्टांश उद्धरणबाट परीक्षण सामग्री निर्माण गरिएको थियो । लिखित माध्यमबाट तथ्याङ्क संकलन गरी विश्लेषण गरिएको थियो । कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता सन्तोषजनक रहेको निष्कर्ष निकालिएको थियो । पठनबोध क्षमता अभिवृद्धिका लागि पाठ्यक्रम तथा पाठ्यपुस्तकको ढाँचा रुचि र बौद्धिक स्तर अनुरूपको हुनुपर्ने सुझाव दिएका थिए ।

## १.८ अध्ययनको सीमाङ्कन

प्रस्तुत अध्ययनलाई निम्नानुसार सीमाङ्कन गरिएको छ ।

(क) काठमाडौं जिल्लाभित्र रहेका ३ वटा सरकारी र ३ वटा निजी विद्यालयका कक्षा ६ मा अध्ययनरत १४० जना विद्यार्थीहरूको श्रुविबोध क्षमताको अध्ययनमा ।

(ख) उक्त विद्यालयका कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमता परीक्षणबाट प्राप्त तथ्यहरूको तुलनात्मक विश्लेषणमा ।

(ग) कक्षा ६ मा अध्ययनरत विद्याथीहरूको भाषिक पृष्ठभूमि, विद्यालय प्रकृति, पाठ्यसामग्री प्रकृति, स्थानीयता र लैङ्गिकताका आधारमा श्रुतिबोध क्षमताको अध्ययनमा ।

## १.९ शोध प्रतिवेदनका रूपरेखा

अध्याय एकः शोध परिचय

अध्याय दुईः शोधविधि

अध्याय तीनः सैद्धान्तिक परिचय

अध्याय चारः व्याख्या तथा विश्लेषण

अध्याय पाँचः तुलनात्मक विश्लेषण

अध्याय छः निष्कर्ष तथा सुझाव

सन्दर्भग्रन्थ सूची

परिशिष्ट

# अध्याय दुई
# शोधविधि

अनुसन्धान आफैंमा खोज तथा आविष्कारमूलक कार्य भएकोले यसको प्रक्रियालाई व्यवस्थित गरी तोकिएको उद्देश्यमा पुग्न सही गोरेटो अपनाउनुपर्छ । अनुसन्धान गर्न खोजेको वस्तुको प्रकृति अनुरूप प्रयोग गरिने पद्धतिलाई विधि भन्न सकिन्छ । अनुसन्धान गरिने समस्याहरूलाई व्यवस्थित गरी सूक्ष्म र अथक परीक्षणबाट नयाँ तथ्यलाई सिद्धान्तमा प्रतिपादन गर्न अनुसन्धान विधिको आवश्यकता पर्दछ । प्रस्तुत अध्ययन कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमताको अध्ययनमा आधारित छ । यो अध्ययन प्रतिनिधि नमुनासँग प्रत्यक्ष सम्बन्ध राख्ने हुँदा निम्न चरण अपनाई नमुना सर्वेक्षण विधि नै प्रयोगमा ल्याइएको छ ।

## २.१ जनसङ्ख्या

कुनै पनि अध्ययनलाई व्यवस्थित र वैज्ञानिक रूप दिन जनसङ्ख्याको प्रमुख भूमिका रहेको हुन्छ । प्रस्तुत शोधकार्य कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूलाई अध्ययनको जनसङ्ख्याको रूपमा लिइएको छ । यस अध्ययनमा सबै जनसङ्ख्या लिन नसकेपनि काठमाडौं जिल्लाका सार्वजनिक तथा निजी विद्यालयहरूका कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरू मात्र यस अध्ययनको जनसङ्ख्याको रूपमा रहेको छ ।

## २.२ प्रतिनिधि नमुना

असङ्ख्य मात्रामा रहेका प्रमाणहरूको खोजी गरी प्रयोग गर्न असम्भव प्रायः हुने भएकोले केही प्रतिनिधि नमुना सङ्कलन गरी समग्र जनसङ्ख्याको बारेमा निर्णय गर्ने अभिप्राय राखिन्छ । जसरी बिरामीको एकदुई थोपा रगतको परीक्षण गरी सम्पूर्ण शरीरमा सञ्चित रगतको बारेमा अनुमान गर्न सकिन्छ त्यसरी नै भौगोलिक विकटता, समयको सीमितता, आर्थिक कठिनाई जस्ता समस्याका कारण प्रतिनिधि नमुना छनोटलाई अपनाईको छ ।

प्रस्तुत शोध कार्यको लागि काठमाडौं जिल्लाका ग्रामीण क्षेत्रबाट छनोट गरिएको २ ओटा र नगर क्षेत्रबाट ४ ओटा गरी जम्मा ६ ओटा विद्यालयमध्ये निजीतर्फ ३ र सार्वजनिकतर्फ ३ विद्यालयहरू समेटिएका छन् । काठमाडौं जिल्लाको ग्रामीण इलाकामा पर्ने श्री मंगल माध्यमिक विद्यालयका १६ छात्र र २० छात्रा अनि काठमाडौं जिल्ला तीनथान गा.वि.स.को विष्णुदेवी माध्यमिक विद्यालयका छात्र १० र छात्रा १० जना रहेका छन् । त्यसै गरी काठमाडौं जिल्लामा नगरक्षेत्रबाट कीर्ति सेकेन्डरी बोर्डिङ्ग स्कुलका छात्र ७ र छात्रा २ जना त्यस्तै पुष्पसदन सेकेन्डरी बोर्डिङ्ग स्कुलका छात्र १५ र छात्रा २० जना, श्री महेन्द्र सरस्वती सेवा नि.मा.वि.बाट ९ छात्र र ७ छात्रा त्यस्तै हिमशिखर सेकेन्डरी बोर्डिङ्ग स्कुलबाट १३ छात्र र ११ छात्राहरू यस अध्ययनको प्रतिनिधि नमुना छनोटका क्रममा समाविष्ट गरिएको छ । यसरी ६ विद्यालयका जम्मा १४० विद्यार्थीहरूमध्ये ७० छात्र र ७० छात्रा रहेका छन । ती छनोट गरिएका विद्यालय निम्नअनुसार छन् ।

| क.सं. | प्रकृतिगत | विद्यालयको नाम | विद्यार्थी सङ्ख्या |
|---|---|---|---|
| १ | निजी (सहर) | कीर्ति सेकेन्डरी बोर्डिङ्ग स्कुल, कीर्तिपुर, काठमाडौं | ९ |
| २ | निजी (सहर) | पुष्पसदन सेकेन्डरी बोर्डिङ्ग स्कुल, काठमाडौं | ३५ |
| ३ | निजी (सहर) | हिमशिखर बोर्डिङ्ग स्कुल, कलंकी, काठमाडौं | २४ |
| ४ | सार्वजनिक (गाउँ) | श्री विष्णुदेवी मा.वि., तीनथान गा.वि.स., काठमाडौं | २० |
| ५ | सार्वजनिक (गाउँ) | श्री मंगल माध्यमिक विद्यालय, नयाँ नैकाप, काठमाडौं | ३६ |
| ६ | सार्वजनिक (सहर) | श्री महेन्द्र सरस्वती सेवा नि.मा.वि., टेकू काठमाडौं | १६ |
| | | जम्मा | १४० |

## २.३ सामग्री निर्माण

प्रस्तुत अध्ययन गरिने सामग्री निर्माण गर्ने क्रममा दृष्टांश र अदृष्टांश गरी दुई किसिमका गद्यांश छनोट गरिएको छ । दृष्टांशअन्तर्गत कक्षा ६ को हाम्रो नेपाली किताबमा समाविष्ट 'ठुले र साने'(कथा) पाठबाट (१ देखि २सम्म) अनुच्छेद छनोट गरी वहुवैकल्पिक र सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू निर्माण गरिएको छ। त्यसै गरी अदृष्टांश गद्यांश बालमासिक प्रकाशन मुना (०६४/जेठ) मा समाविष्ट शिवराम सापकोटाद्वारा लिखित 'शीर्षक के हो ?' कथा छनोट गरी वहुबैकल्पिक र सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू निर्माण गरिएको छ । त्यस्तै क्लोज परीक्षण प्रकृतिका प्रश्नहरूको लागि दृष्टांशअन्तर्गत कक्षा ६ को हाम्रो नेपाली किताबमा समाविष्ट 'सामाजिक मेलमिलाप' (प्रबन्ध) र अदृष्टांशअन्तर्गत कक्षा १० को नेपाली किताबमा समाविष्ट 'यन्त्रमानव' (प्रबन्ध) पाठबाट सङ्कलित गरिएको छ । यसरी समग्रमा दृष्टांश दुई तथा अदृष्टांश दुई गरी जम्मा चार गद्यांशबाट सङ्क्षिप्त उत्तरात्मक, वहुबैकल्पिक र क्लोज परीक्षण गरी तीन किसिमका प्रश्नहरू तयार गरिएको छ।

## २.४ पूर्वपरीक्षण

शोध निर्देशक तथा सम्बन्धित विषय विशेषज्ञहरूबाट आवश्यक सल्लाह लिई प्रश्नहरू संशोधन र सम्पादन गरिएको थियो । सम्पादन गरिएका प्रश्नहरूलाई काठमाडौं स्थित श्री कीर्तिपुर माध्यमिक विद्यालय कीर्तिपुरका कक्षा ६ मा अध्ययनरत ८ जना छात्र र १० जना छात्रा गरी जम्मा १८ जना विद्यार्थी छनोट गरी परीक्षण गरिएको थियो । ती मध्ये नेपाली मातृभाषी १० जना र नेपाली दोस्रोभाषी ८ जना समावेश गरिएको थियो । पूर्वपरीक्षण पश्चात विद्यार्थीहरूको उच्चअङ्क प्राप्त गर्नेदेखि निम्नअङ्क प्राप्त गर्ने उत्तरपुस्तिकालाई क्रमानुसार मिलाई २५ देखि ३३ प्रतिशतसम्म विद्यार्थी छनोट गरी प्रश्नहरूको कठिनाइस्तर तथा विभेदीकरण सूचकका आधारमा विश्लेषण गरियो । प्रश्नहरूको विश्लेषणबाट प्राप्त अनुकूल कठिनाइस्तर ५० प्रतिशतको नतिजा भएका प्रश्नहरूलाई उपयुक्त मानियो । त्यस्तै उच्चअङ्क प्राप्त गर्ने

र न्यूनअङ्क प्राप्त गर्ने विद्यार्थीहरूबीच हुने विभेदको विश्लेषणको लागि विभेदीकरण सूचक ०.४० भन्दा माथिका सकारात्मक विभेदीकरण क्षमता भएका प्रश्नहरू कार्यान्वयनका लागि तयार पारियो । नकारात्मक विभेदीकरण भएका प्रश्नहरूलाई हटाइयो । सुधार गरिएका प्रश्नहरूलाई शोध निर्देशकको निर्देशनमा पुनः सम्पादन गरियो ।

## २.५ परीक्षणको कार्यान्वयन

पूर्वपरीक्षण गरिएका प्रश्नहरू अध्ययनको लागि छनोट गरिएको नमुना जनसङ्ख्याको निम्ति सम्बन्धित विद्यालयमा पुगी प्रधानाध्यापक लगायत नेपाली विषय शिक्षकलाई जानकारी गराइ कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरू उपलब्ध गराउन अनुरोध गरियो । श्रुतिबोध क्षमताको अध्ययन गर्नुपर्ने भएकोले सकेसम्म शान्त, स्वच्छ, स्वतन्त्र एवम् भयरहित वातावरण सिर्जना गरी अलग्गै कोठामा परीक्षाको व्यवस्था गरिएको थियो । परीक्षणमा सहभागी विद्यार्थीहरूलाई यसको प्रयोजनको बारेमा स्पष्ट पार्दै उतीर्ण तथा अनुतीर्णको कुनै सरोकार नराख्ने कुरामा विश्वस्त पारियो । परीक्षाको समय अधिकतम १ घण्टा निर्धारण गरिएको थियो । श्रुतिबोध क्षमता अध्ययन गर्नको लागि विद्यार्थीहरूलाई परीक्षाको प्रक्रियाका बारेमा स्पष्ट पारी वाचन गरेको अनुच्छेद ध्यानपूर्वक सुन्न प्रोत्साहन गरियो । वाचन सँगसँगै आवश्यकताअनुसार विशुद्ध उच्चारण, हाउभाउ एवम् अङ्ग परिचालन गरी वाचनलाई स्पष्ट पारियो । वाचन गरिसकेपछि प्रश्नपत्र बाडियो । निर्धारित समयमा विद्यार्थीहरूबाट उत्तरपुस्तिका सङ्कलन गरिएको थियो ।

## २.६ तथ्याङ्कको सङ्कलन तथा विश्लेषण

छनोट गरिएका जनसङ्ख्यामा परीक्षा सञ्चालन गरिसकेपछि विद्यार्थीहरूबाट सङ्कलन गरिएका उत्तरपुस्तिकाको लागि उत्तरकुञ्जिका तयार गरियो । उत्तरकुञ्जिकाको आधारमा बहुवैकल्पिक प्रश्नहरूको एक सही उत्तरको १ अङ्कका दरले १० ओटा प्रश्नहरूको जम्मा १० अङ्कमा परीक्षण गरियो । सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरूको एक

सही उत्तरको २ अङ्कका दरले १० ओटा प्रश्नहरूको जम्मा २० अङ्कमा परीक्षण गरियो । त्यस्तै क्लोज परीक्षणअन्तर्गत प्रश्नहरूको हरेक ठीक उत्तरका लागि एक (१) अङ्क र बेठीक उत्तरका लागि (०) अङ्कमा दुई अनुच्छेदलाई जम्मा २० अङ्कमा परीक्षण गरी जम्मा समग्र परीक्षण ५० कुल अङ्कमा उत्तरपुस्तिका जाँच गरियो ।

उत्तरपुस्तिका परीक्षण गरिसकेपछि प्राप्त तथ्याङ्कहरूको नतिजाका आधारमा परीक्षामा समावेश सम्पूर्ण विद्यार्थीहरूको मध्यमान निकालियो । मध्यमानभन्दा कम र मध्यमानभन्दा बढी प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या तथा प्रतिशतका आधारमा गणना गरियो । त्यस्तै मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको श्रुतिबोध क्षमताको गणना गरियो । प्रतिशत; मध्यमान र मानक विचलनका आधारमा दृष्टांश र अदृष्टांश श्रुतिबोध क्षमताको विश्लेषण छुट्टाछुट्टै रूपमा गरियो । प्रतिनिधि नमुनामा समाविष्ट जनसङ्ख्यामध्ये भाषिक पृष्ठभूमि (नेपाली मातृभाषी र नेपाली दोस्रोभाषी), लैङ्गिक (छात्र र छात्रा), विद्यालय प्रकृति (सार्वजनिक र निजी), स्थानीयता (सहर र गाउँ) का आधारमा छुट्टाछुट्टै प्रतिशत, मध्यमान र मानक विचलनको सहायताले विश्लेषण गरियो । तथ्य विश्लेषणको लागि निम्न सुत्र प्रयोग गरियो ।

(क) प्रतिशत $\text{९ए०} . \dfrac{\text{९च० तोकिएको श्रैणीको प्राप्ताङ्क}}{\text{९त० जम्मा विद्यार्थी संख्या}} \times \text{ज्ञण्ण५}$

(ख) मध्यमान $\text{९ह०} . \dfrac{\text{क्ह (जम्मा प्राप्ताङ्क)}}{\text{ल(जम्मा विद्यार्थी संख्या)}}$

(ग) मानक विचलन $. \sqrt{\dfrac{\text{क्ह}^2 \text{ ( ९क्ह०}^2\text{रल}}{\text{ल}}}$

□ह . प्राप्ताङ्कको कुल योग

ल .      विद्यार्थी सङ्ख्या

९□ह०² . प्राप्ताङ्कको कुलयोगको वर्ग

तुलनात्मक अध्ययनका लागि प्रतिनिधि नमुना जनसङ्ख्यामध्ये समूहगत रूपमा छुट्टाछुट्टै विश्लेषण गरिएको तथ्याङ्कको सहायताले भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली दोस्रोभाषीको श्रुतिबोध क्षमताको तुलना गर्न ुशु मान गणनालाई

उपयोग गरियो । त्यसै गरी निजी र सार्वजनिक विद्यालयका विद्यार्थीहरूबीच, गाउँ र सहरका विद्यार्थीहरूबीच, दृष्टांश र अदृष्टांश उद्धरबीच साथै समग्रमा छात्र र छात्राबीच तुलनात्मक विश्लेषण गरियो । यस अध्ययनका लागि निम्न सुत्र प्रयोग गरिएको थियो ।

$$\text{श मान} \; . \; \frac{\overline{\text{ह}}_{\text{ज्ञ}} \; ( \; \overline{\text{ह}}_{\text{द्द}}}{\frac{\sigma_{\text{ज्ञ}}^{\text{द्द}}}{\text{ल}_{\text{ज्ञ}}} \; . \; \frac{\text{क}_{\text{द्द}}^{\text{द्द}}}{\text{ल}_{\text{द्द}}}}$$

जहाँ,

$\overline{\text{ह}}_{\text{ज्ञ}}$ . पहिलो समूहको मध्यमान

$\overline{\text{ह}}_{\text{द्द}}$ . दोस्रो समूहको मध्यमान

$\square_{\text{ज्ञ}}$ . पहिलो समूहको मानक विचलन

$\square_{\text{द्द}}$ . दोस्रो समूहको मानक विचलन

$\text{ल}_{\text{ज्ञ}}$ . पहिलो समूह विद्यार्थी सङ्ख्या

$\text{ल}_{\text{द्द}}$. दोस्रो समूह विद्यार्थी सङ्ख्या

# अध्याय तीन
# सैद्धान्तिक परिचय

## ३.१ श्रवणकलाको परिचय

कलाको काम भनेको उच्चतम तथा श्रेष्ठतम भावनालाई अरूसम्म पु¥याउनु हो भने महाकवि देवकोटाका शब्दमा सिर्जनात्मक कल्पनाद्वारा सत्यको सुन्दर प्रदर्शन गर्नु हो । भाषिक कलाका रूपमा रहेका श्रवणकला, वक्तृवकला, पठनकला, वाचनकला र लेखनकलाले भाषिक सीपलाई समृद्ध तुल्याएका छन् । भाषिक कलाको प्रारम्भिक चरणको रूपमा श्रवणकलालाई लिइन्छ । श्रवणकलाले वक्ताहरूबीच सुन्ने र बुझ्ने क्षमताको विकास गरेर भाषाका अरू सीपमा कमजोर हुनबाट जोगाउँछ । श्रवणकलाले वातावरणबाट प्राप्त विभिन्न आवाज, दृश्य वस्तुहरूका माध्यमबाट बोध क्षमता विकास गर्दछ । भाषा सिकाइको आधारभूत सीपको रूपमा रहेको श्रवणकलाले मौखिक अभिव्यक्तिलाई एकाग्रपूर्वक सुनेर ती अभिव्यक्तिमा भन्न खोजिएको कुराहरू बुझ्न र धारण गर्न सक्ने तुल्याउने काम गर्दछ । श्रवणकलाले दुई पक्षलाई ओगटेको हुन्छ । वक्ता र स्रोताका माध्यमबाट बोध गर्ने सामर्थ्य प्राप्त हुन्छ । वक्ताले भनेका कुरा धर्यपूर्वक सुन्नुपर्छ र बुझ्नुपर्छ । श्रवणकलाले सिकाइ योजनालाई मात्र सहयोग नगरी स्रोताको लागि सिकाइमा यथार्थ वातावरण सिर्जना गर्छ ।

भाषिक बोध प्रक्रिया मानसिक पक्षसँग प्रत्यक्ष सम्बन्ध राख्ने भएकोले विशेष गरेर मौखिक अभिव्यक्तिसँग यसको अन्तरसम्बन्ध रहेको हुन्छ । भाषाका मौखिक विविधता अनुरूप श्रवणमा पनि विविधता हुने भएकोले श्रवणकलामा उपयोग गरिने सामग्रीहरू प्रामाणिक, स्तरअनुकूल गरेर त्यही ढङ्ग र ढाँचामा सरलीकृत हुनु आवश्यक छ । भाषिक अभिव्यक्तिका घटनालाई उच्चारण र भाषेतर कार्यकलापको माध्यमबाट श्रवण गराएमा विवेचना गर्ने तथा अनुमानिक तर्क गर्ने ? क्षमतामा उच्चस्तरीय सक्षमता दिलाउन श्रवणकलाको भूमिकालाई नकार्न सकिँदैन । भाषाको ग्रहणात्मक सीपको रूपमा रहेको श्रवणकलालाई साक्षर र निरक्षर मानिसको जानकारीको मूल र

अपरिहार्य आधार मान्न सकिन्छ । श्रवणकला सुनाइको प्रभावकारिता हासिल गर्ने कला भएकोले सोही मुताविकका अभ्यास तथा कार्यकलापमा सुनाइको गहनताको साथै सुगठित बोधको आवश्यकता पर्दछ । श्रवणकलाको आधारमा विषयगत एवम् प्रयोजनपरक भाषिक अभिक्षमता र शैली प्राप्त गराएर ज्ञानमूलक एवम् बौद्धिक विकासका क्षेत्रमा गतिशीलता हासिल गर्न मद्दत पुग्दछ । श्रवणकलाले सुनाइ र बोलाइ जस्ता भाषिक सीपलाई उद्देश्यमा पुऱ्याउन प्रारम्भदेखि नै सहयोग पुऱ्याएको हुन्छ ।

## ३.२ श्रुतिबोध


श्रवणकलाको प्रमुख अङ्गको रूपमा रहेको श्रुतिबोधले मौखिक अभिव्यक्तिलाई सुनेर बुझ्ने वा बोध गर्ने पक्षसँग सम्बन्ध राख्दछ । बालक जव जन्म लिन्छ उसको भाषिक पृष्ठभूमि श्रुतिबाट सुरु हुने गर्दछ । भाषा सिकाइको प्रारम्भिक चरणको रूपमा श्रुतिबोधलाई लिन सकिन्छ । श्रुतिबोध स्रोताले जानेको कुरामा भर पर्छ । अज्ञान व्यक्तिले सुनाइलाई बोध गर्न सक्दैन । प्रवीणता स्रोताले मात्र आन्तरिक प्रणालीमा परिणत गर्न सक्छ । यसरी सुनाइमा आन्तरिक प्रणालीमा विकास भएपछि मात्र श्रुतिबोधले अभिव्यक्ति क्षमताको विकास गर्दछ । भाषिक व्यवहारलाई क्रमशः स्तरीय, शिष्ट र मानव स्वरूप दिदै जान श्रुतिबोध सरल, सहज, व्यावहारिक र सर्वसुलभ उपाय मान्न सकिन्छ । विभिन्न प्रकारका ध्वनिहरूलाई पहिल्याइ तिनीहरूबीचमा रहेको भिन्नता थाहापाउन श्रुतिबोधको उपयोग गर्न सकिन्छ । भाषिक सीपहरू पढाइ, लेखाइ र बोलाइमा भएका कमजोरीहरूलाई न्यूनीकरण तथा निराकरण श्रुतिबोधबाट सम्भव हुन्छ । श्रुतिबोधमा देखापर्ने कमजोरीले गर्दा व्यक्तिको सोचाइ र बोलाइ अझ भनौं भने लेखाइमा समेत नकारात्मक असर पर्न जाने हुन्छ ।

श्रुतिबोधमा विद्यार्थीको स्तर, पाठ्यसामग्रीको उपयुक्त साथै औपचारिक तथा अनौपचारिक वातावरणले पनि प्रत्यक्ष प्रभाव पार्दछ । सिकाइका प्रारम्भिक चरणमा सुनाइ सीप हासिल गर्न ध्वनि, वर्ण र रूपगठनसँग परिचित हुन सिकारु प्रयत्नशील रहन्छ । " वक्ता सामुन्ने भएमा श्रुतिबोध कार्यकलापमा भाषिक र भाषेतर गतिविधि

संलग्न हुने हुदा श्रुतिबोध सहज र सरल हुन सक्छ तर यान्त्रिक उपकरणद्वारा अभिव्यक्त विचार बुझ्न गाह्रो पर्छ ।" (ढकाल ०६३: १४०) श्रुतिबोधका माध्यमबाट सिकारुले देखेका, सुनेका, पढेका र आफूले अनुभव गरेका विषयवस्तुका बारेमा गति, यति र लय मिलाइ भन्न सक्ने क्षमता प्राप्त गर्न सकिन्छ । वक्ताले कुनैपनि घटनालाई अभिव्यक्ति गर्दा मुख्य विषयवस्तु बुझ्नमा अर्थको अनर्थ नहोस अनावश्यक रूपमा एउटै कुरा नदोहोरियोस जसको कारणले सिकारुको सोचाइ र बोलाइमा प्रतिकूल अवस्था सिर्जना नहोस भन्ने अवधारणालाई श्रुतिबोधले आत्मसात गरेको छ । श्रुति तथ्यप्रति समर्थनात्मक वा खण्डनात्मक प्रतिक्रिया व्यक्त गर्न, व्याख्या र विश्लेषण गर्न श्रुतिबोधको महत्त्वपूर्ण स्थान रहेको छ । श्रुतिबोधले विविध ढङ्ग र प्रकृतिका ग्रहण र अभिव्यक्ति क्षमता हासिल गरेर श्रवणकलाको विकास गरी व्यक्तित्व विकासमा मार्गनिर्देशन गर्दछ ।

### ३.३ श्रुतिबोधका प्रकार

श्रुतिबोध प्रकृति र प्रयोजनका आधारमा सुनाइ धेरै प्रकारका भएपनि मुख्यतः २ भागमा विभाजन गर्न सकिन्छ । (ढकालः ०६३: १४२)




माथिको रेखाचित्रमा श्रुतिलाई मानिसमा जन्मपश्चात देखिने वातावरणीय संवेदनशीलतासँग जोडेर हेर्न सकिन्छ । सामान्य वातावरणमा श्रुति प्रयोजनका आधारमा गहन रूपमा ध्यान केन्द्रित नगरी ध्यान बाँडेर खास सन्दर्भतर्फ उन्मुख भई एकपटकमा एउटा विषयमा मात्र केन्द्रित भई सुन्नु सामान्य श्रुति हो । यसले सतही

रूपमा श्रुतिबोधको अपेक्षा गर्दछ । पत्रिका एकाग्र रूपमा पढिरहेको व्यक्तिले नजिकैको रेडियोबाट प्रसारित आवाज पनि सुन्नु चाहिँ आंशिक श्रुति मानिन्छ । विविध भाषिक अभिव्यक्तिहरूलाई सँगसँगै सुनेर आफूलाई सरोकार भएका महत्त्वपूर्ण कुराहरू विभेदीकृत गरी सुन्ने र सरोकार नभएका गौण कुराहरूलाई कम ध्यान दिई सुन्ने अभ्यास गरेमा आंशिक अभिक्षमता विकास गर्न सकिन्छ । त्यस्तै सुनाइमा एकाग्र हुन्छ, सम्झिरहनुपर्ने अवस्था हुँदैन । पूरा प्रसङ्ग बुझेर तत्कालका निमित्त आनन्द लिएर श्रुति गर्नु मनोरञ्जनात्मक श्रुति हो । यस किसिमको श्रुतिमा घटनाक्रम वा शृङ्खलालाई क्रमिकताका साथ श्रुति गर्नु आवश्यक हुन्छ ।

श्रुतिबोधको व्यापक पक्षका रूपमा विशिष्ट श्रुतिलाई लिइन्छ । श्रुत अभिव्यक्तिका बारेमा स्रोताले के गर्ने भन्ने सम्बन्धमा पहिले नै सङ्केत गरेर तिनै सङ्केतित अथवा निर्दिष्ट कुरा सम्बन्धमा गराइने अभ्यासात्मक कार्यकलापलाई विशिष्ट श्रुति भनिन्छ । विषयवस्तुलाई ध्यानपूर्वक सुनी त्यसको समग्रतामा सचेततापूर्वक ध्यान राखी बोध गर्नु विशिष्ट श्रुति मान्न सकिन्छ । यस्तो श्रुतिले भाषाको उत्पादानात्मक, सिर्जनात्मक वा मौलिकता जनित प्रयोजनमा समेत टेवा दिन्छ । यस श्रुतिअन्तर्गत एकाग्र श्रुति र विश्लेषणात्मक श्रुतिलाई राख्न सकिन्छ । कुनै पनि अभिव्यक्तिको प्रारम्भ, मध्य र अन्त्य भाग बुझी विशिष्ट पक्षको बोध गर्ने क्षमता विकास गर्न ध्यानपूर्वक सुन्नु एकाग्र श्रुति हो । यस श्रुतिले सतही रूपमा सुन्ने प्रवृत्तिलाई निरूत्साहित गर्दछ । अभिव्यक्तिका घटनाक्रमलाई गहन रूपमा श्रुतिबोध गर्ने क्षमताको विकास गर्न एकाग्र श्रुतिले मद्दत गर्छ । अभिव्यक्ति पक्षमा अपेक्षाकृत सफलताको लागि एकाग्र श्रुतिलाई उपलब्धिको रूपमा लिइन्छ । सुनेका कुरालाई खण्डन गर्ने, मण्डन गर्ने र विषयवस्तुको कमजोरीप्रति टीकाटिप्पणी गर्ने गरी श्रुति गर्नुलाई विश्लेषणात्मक श्रुति भनिन्छ । यसले श्रुति गरेको विषयवस्तुको विभिन्न दृष्टिकोणबाट तार्किक, समीक्षात्मक र मूल्याङ्कनात्मक ढङ्गले विश्लेषण गर्छ । उच्च तहमा यस श्रुतिलाई प्रभावकारी मानिन्छ ।

### ३.४ श्रुतिबोधको महत्त्व


कुनै पनि अभिव्यक्ति बोध गर्न यसको विचारसँग सम्बन्धित पूर्वानुभव समेत बोद्धामा केही न केही रूपमा हुनु आवश्यक मानिन्छ । अपरिचित विषयवस्तु भएमा त्यसको बोध क्षमतामा कमी आउँछ । श्रुतिबोधको प्रक्रियामा भाषिक र वैचारिक दुवै किसिमका पूर्वानुमानको भूमिका रहेको हुन्छ । श्रुतिबोध बोधपक्षसँग सम्बन्धित भएकोले यसलाई अभिव्यक्तिको पूर्वसर्तका रूपमा लिन सकिन्छ । श्रुतिबोधको प्रक्रियाअनुसार कुनै पनि घटना ध्यानपूर्वक सुन्ने र सुनेको घटनाक्रमलाई शृङ्खलित रूपमा बुझ्ने, सोच्ने र स्मरण गर्ने कार्य हो । यसले भाषिक सीपको अभिवृद्धिका निम्ति जोड दिन्छ । भाषाका सीपहरूको विकास गरी अभिव्यक्तिमा जोड दिने भएकोले यसको महत्त्व बढेको छ । कुनै पनि ज्ञान सिक्न तथा दक्ष बन्नको लागि कथ्य सामग्रीको माध्यमबाट श्रुतिबोधको उपयोग गरी ग्रहणात्मक पक्षलाई अँगाल्ने गरिन्छ । श्रुतिबोधको प्रयोजन औपचारिक तथा अनौपचारिक रूपमा सामान्यभन्दा सामान्य व्यवहारदेखि लिएर विशिष्ट पक्षको ज्ञान हासिल गर्न सकिन्छ । भाषाको सानो एकाइ ध्वनिदेखि ठूलो एकाइ सङ्कथनसम्म बोधको अत्यावश्यक पर्दछ । श्रुतिबोधमा कमजोर व्यक्तिका लागि भाषाका अन्य सीप ग्रहणमा बाधा उपन्न हुन्छ । राम्रोसँग सुन्न सक्नेले बोल्न र पढनका साथै लेखनक्षमतामा पनि उत्कृष्टता प्राप्त गर्दछ । भाषा वार्तालापको माध्यम भएकोले वक्ताबीच भएको कुराकानीलाई ध्यानपूर्वक सुनी त्यसको जवाफ दिन सक्ने क्षमताको विकास गर्न श्रुतिबोधको आवश्यकता पर्दछ । भाषिक अभिव्यक्तिमा आउने विविधतालाई बुझी त्यस घटनाको भाव, विचार, आशयका माध्यमबाट मनोरञ्जन लिन श्रुतिबोधलाई उपयोग गर्न सकिन्छ । देखेका, सुनेका र पढेका कुरालाई उपयुक्त हाउभाउ, चेष्टा, अभिनय आदिको ख्याल गरी सुन्न र बुझ्न सक्नु नै यसको उपलब्धि मान्न सकिन्छ । श्रुति गरिएका विषयवस्तुमा प्रयुक्त सूच्यशक्ति भएका शब्द वा वर्णका नभएर सामूहिक रूपमा अर्थसन्देशहरू प्रवाहित गर्न सक्ने विषयवस्तु भएमा श्रुतिबोधमा सहयोग पुऱ्याउछ ।

श्रुतिको माध्यमबाट सृजनात्मक एवम् साहित्यिक अभिक्षमता हासिल गराएर कथ्य एवम् लेख्य अभिव्यक्तिको परिकार गर्न मद्दत मिल्छ । यान्त्रिक सामग्रीका माध्यमबाट व्यक्त गरिएका विषयवस्तु र घटनालाई सुनेर बुझ्न सक्ने सीप श्रुतिबोधबाट आर्जन गर्न सकिन्छ । विभेदीकृत श्रुतिबोधका लागि विविधतामूलक सामग्रीको उपयोग गरी विभेदीकरणका विभिन्न कार्यकलापको स्तरअनुकूल सहभागी गराई भाषिक सीपको स्तरयुक्त विकास गर्न सकिन्छ । भाषाका विविध क्षेत्रमा शिक्षाविद, पाठ्यक्रम निर्माता, सिकारु सवैकालागि उच्चस्तरको श्रुतिबोध विकासको आवश्यकता पर्छ । स्तर र रुचिलाई ध्यान दिन श्रुतिबोध क्षमताको ज्ञान हुनुपर्छ । बोध क्षमताका आधारमा कक्षाकोठामा अपनाइने शिक्षण विधि, उपयोग गरिने पाठ्यसामग्रीको उपयुक्त प्रयोग गर्न श्रुतिबोधको झनै महत्त्व पाउन सकिन्छ । भाषाका सीप सिकाईका लागि उपयुक्त वातावरण सिर्जना गर्न, कार्यदक्षताको मूल्याङ्कन गर्न र सिकारुको आन्तरिक क्षमताको विकास गर्न श्रुतिबोधको सहयोग लिन सकिन्छ ।

श्रुतिबोधले सरल र सहज उपायका आधारमा ज्ञान प्राप्त जोड दिन्छ । सिकारुको स्तर हेरी विषयगत, शब्दभण्डारगत, वाक्यगत, शैलीगत र प्रस्तुतीकरणगत विविधताबाट परिचित गराउछ । व्यक्तिगत, सामाजिक र व्यावहारिक आवश्यकताको सहज आपूर्तिका निमित्त, श्रुतिबोधको महत्त्वपूर्ण स्थान पाउन सकिन्छ ।

## ३.५ श्रुतिबोधका कार्यकलापहरू

श्रुतिबोधका कार्यकलाप सिकारुको तहका आधारमा वर्गीकरण गर्न सकिन्छ । त्यस्तै स्रोताको पूर्वज्ञानको पृष्ठभूमिका आधारमा पनि श्रुतिबोधका कार्यकलापको छनोट गरिन्छ । समग्रमा श्रुतिबोध शिक्षणका कार्यकलापलाई निम्नअनुसार उल्लेख गरेको पाइन्छ । (शर्मा: ०६१: १०३) ।



माथिको रेखाचित्रमा दिएका कार्यकलापहरू उपयोग गर्न सिकारुको स्तरीयताका आधारमा प्रारम्भिक चरणबाट सुरु गर्नु आवश्यक हुन्छ । सबैभन्दा सानो एकाइ ध्वनिविभेदीकरणको माध्यमबाट श्रुतिमा विविधता उत्पन्न हुने भएकोले परिचित र अपरिचित तथा टाढा र नजिकको ध्वनिलाई एक अर्कासँग अलग्याएर बुझ्न ध्वनि पहिचानको अभ्यास गराउन आवश्यक हुन्छ । ध्वनि विभेदले गर्दा श्रुतिबोधमा अर्थको अनर्थ हुने भएकोले नेपाली दोस्रोभाषी सिकारुको श्रुतिबोधका लागि ध्वनि विभेदीकरण प्रारम्भिक विन्दु मान्न सकिन्छ ।

कार्यकलाप सञ्चालन क्रममा लेख्य भाषाको लघुत्तम एकाइको बोध चाहिं वर्ण विभेदीकरणअन्तर्गत पर्दछ । श्रुति गराइएको पाठ्यसामग्रीको वर्ण-वर्णबीचको अन्तर ठम्याउन नसक्दा अर्थ र अभिप्रायमा व्यापक भिन्नता आउन सक्छ । त्यसैले वर्णविभेदीकरणको अभ्यासको निम्ति लघुत्तम जोडाको सहयोग लिनुपर्छ । शब्दको अर्थगत अन्तर वार्णिक भिन्नताका कारणले बुझाइमा कठिनाई सिर्जना गर्दछ । थुक्नु/ थुत्नु, बास/बाँस जस्ता जोडी शब्दको उपयोग गरेर वर्ण विभेदीकरणको अभ्यास गराउन सकिन्छ ।

श्रुतिबोधमा सिकारुको अनुभव एवम् ज्ञानको स्तरअनुसार सिकारुको उत्सुकता र सुन्ने प्रवृत्तिका आधारमा एउटै संरचनात्मक स्वरूप भएका वाक्य स्वरको आरोह-अवरोहमा भिन्नता आउँदा अर्थमा भिन्नता आउने स्थिति निराकरण गर्न वाक्यविभेदीकरणको अभ्यास जरुरत पर्छ । वाक्यको अर्थमा आउने भिन्नता पहिल्याउन क्षमताको विकास गरेर विषय र प्रसङ्गअनुसार भिन्न-भिन्न वाक्यहरूको निर्माण गरी अर्थगत अन्तर पहिल्याउने अभ्यास गर्न-गराउन सकिन्छ । श्रवणमा वाक्यका सरल र जटिल प्रकृतिमा अर्थगत भिन्नताको श्रुति गराएर पनि वाक्य विभेदीकरणको माथिल्ला तहसम्म यसको प्रयोग गर्न सकिन्छ ।

श्रुतिबोधको परिष्कृत तहको रूपमा श्रुतिलेखलाई लिइन्छ । सुनेर बोध मात्र नगरी त्यसलाई लेख्य अभिव्यक्तिका माध्यमबाट शुद्ध र स्पष्ट उच्चारण गरिएका शब्द,

पदावली, वाक्यांश र वाक्यलाई सुनेर उपयुक्त विन्यास गर्ने कार्य हो । बोध कार्यकलापमा पाठ्यसामग्रीको सहयोग श्रुतिबोधको विश्लेषण गर्न प्रभावशाली मानिन्छ । यस प्रकारको कार्यकलाप तल्ला तहका सिकारुभन्दा माथिल्ला तहका सिकारुमा उपयोग गर्नु उचित मानिन्छ । यस क्रियाकलापबाट स्रोताले श्रवण गरेको पाठ्यसामग्रीको स्पष्ट उच्चारण र वाक्यलाई विन्यास गर्ने क्षमताको मूल्याङ्कन गर्न सकिन्छ ।

भाषिक पक्षमा आधारित भएर अभ्यासात्मक कार्यकलापहरूको विकास गर्न श्रुति रचनालाई केन्द्रविन्दु मान्न सकिन्छ । सिर्जनात्मक पक्षको विकास गर्न श्रुति गरेको पाठ्यसामग्रीलाई आफ्नो मौलिकपनमा विश्लेषणात्मक रचना गर्न सुन र गर क्रियाकलापको सहयोग लिन सकिन्छ । विशेष गरी उच्चतहमा यस किसिमको कार्यकलापले सिकारुको आत्मबल र बौद्धिक क्षमतामा विकास भइ श्रुतिबोध क्षमतामा अपेक्षाकृत वृद्धि हुन्छ । श्रवण गराएको सामग्रीबाट उपयुक्त किसिमको बुँदाहरूको छनोट गरी टिपोट गर्न दिएमा उच्चस्तरको श्रुतिबोध क्षमतामा विकास गर्न सकिन्छ । टिपोट गर्दा मुख्य बुँदाहरू नछुटाइकन सारांशमा त्यसको भाव प्राप्त गराउने कुरामा विशेष ख्याल राख्नुपर्छ ।

श्रुतिमा पठित पाठसँग सम्बन्धित भएर दिमाग, कान, आँखा र हातका बीच सम्बन्ध कायम गर्दै स्पष्ट उच्चारण गरिएका वर्ण, शब्द, लय र छन्दको उपयुक्ततामा ख्याल गरी अभ्यासमा जोड दिनुपर्छ । शब्दमा आउने विविधतालाई बुझ्नको लागि व्यापक श्रुतिको वातावरण सिर्जना गर्नु उपयुक्त हुन्छ । श्रुतिलाई पृथकीकरण रूपमा सिकाउने ध्येय नराखी बोलाइसँग सहभागी गरेर लैजाने र आवश्यकताअनुसार श्रुतिबोध क्रियाकलापमा विविधता ल्याइ बुद्धि र तर्कको विकास गर्न विवादास्पद कुरा सुनाउने गर्दा पनि श्रुतिबोधको विकासमा अपेक्षाकृत सुधार गर्न सकिन्छ । श्रुतिबोधको उच्चतहमा क्रमशः प्रतिस्पर्धात्मक बोधमा जोड दिनुपर्छ । बढीभन्दा बढी बौद्धिक पाठ्यसामग्रीको श्रवण गराइ सिकारुको स्तरबमोजिम श्रुतिबोधको क्षमतामा आशातीत प्रगति गर्न सकिन्छ ।

## ३.६ श्रुतिबोधमा प्रभाव पार्ने तत्त्वहरू

श्रुतिबोध निष्क्रिय नभएर सक्रिय प्रक्रिया हो । प्रवीणता स्रोताले मात्र आन्तरिक प्रणालीबाट सुनेको कुराहरूलाई बोधमा परिणत गर्न सक्छ, त्यसको विपरीत अज्ञान स्रोताले सुनाइलाई बोध गर्न सक्दैन । कुनै पनि स्रोताले वास्तविक संसारमा सुनेको र बोलेको कुराहरू बोध गर्न सकेको खण्डमा अभिव्यक्ति क्षमतामा विकास हुन्छ । श्रुति प्रक्रिया बोधक्षमतासम्म ल्याउन विभिन्न तत्त्वहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । तŒवहरूको उचित प्रयोगमा ल्याउन नसक्दा श्रुतिबोधमा प्रभाव पर्दछ । श्रुतिबोध क्षमतामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रभाव पार्ने तत्त्वहरूलाई निम्नअनुसार देखाउन सकिन्छ ।

### ३.६.१ वक्ताको अभिव्यक्ति

श्रुतिबोध कथ्य पाठ्यसामग्रीको माध्यमबाट ग्रहण गर्ने सीप भएकोले अभिव्यक्ति स्पष्ट नभएमा श्रोताले श्रुति गर्न नसकी श्रुतिबोध हुँदैन । वक्ताको बोलीमा अशुद्धता, रोकिएर वा अड्किएर बोल्ने र अत्यन्त छिटो वा ढिलो अभिव्यक्तिका कारणले विषयवस्तुको सन्दर्भ टुटन गई श्रुतिबोधमा बाधा पैदा हुन्छ । बोलीमा भावानानुकूल आरोह अवरोह र लयात्मकतामा बढी ध्यान दिनुपर्छ । स्रोताको स्तरअनुसार छिटो वा ढिलो अभिव्यक्ति दिनुपर्छ । भाषामा वाक्यलाई अनावश्यक रूपमा नदोहोऱ्याई विषयवस्तुको प्रस्तुतीकरणमा पूर्वापर क्रम मिलाउनुपर्छ । वक्ताको बोलीमा रूखो नभई मिठासपन हुनुपर्छ जसको कारणले स्रोताले ध्यानपूर्वक सुन्न सकोस् । अभिव्यक्ति दिंदा बीच-बीचमा प्रसङ्ग अनुरूप स्पष्टीकरणको पनि ख्याल गर्नुपर्छ । वक्ता सक्षम, आत्मविश्वास र भयरहित अवस्थामा प्रस्तुतीकरण हुनुपर्छ ।

### ३.६.२ श्रोताको श्रुतिबोध क्षमता

वक्ताको अभिव्यक्ति श्रोताले ग्रहण गर्न नसकेमा श्रोतागत कमजोरी भन्न सकिन्छ । श्रोताको शारीरिक अवस्थामा कमजोरी भएमा प्रत्यक्ष प्रभाव पर्दछ । सुन्नको लागि कानको स्थिति ठीक हुनु आवश्यक छ । यसको खराबका कारण श्रुतिबोध सम्भव

हुँदैन । त्यस्तै मानसिक अवस्था स्वस्थ नभएमा श्रोताले अपेक्षित श्रुतिबोध हासिल गर्न सक्दैन । कुनै पनि कुरा बोध गर्नको लागि श्रव्य सामग्री स्रोताको लागि परिचित वा अपरिचित के छ त्यसमा भर पर्दछ । श्रोता कुन भाषिक पृष्ठभूमिबाट आएको हो त्यस कुरामा समेत ध्यान राखी सामग्री निर्माण गर्नुपर्छ । वक्ता र श्रोताको सामाजिक, सांस्कृतिक, धार्मिक, राजनीतिक आदिका सम्बन्धमा तालमेल नमिलेमा श्रुतिबोध क्षमतामा प्रभाव पर्छ । श्रुति गरिने विषयवस्तुमा स्तर, कक्षा, उमेर र तहअनुकूल जस्ता कुराहरूको तालमेल मिल्नुपर्छ ।

### ३.६.३ वातावरण

श्रुतिबोधको लागि सहज, स्वतन्त्र र उत्प्रेरक वातावरणको आवश्यकता पर्छ । वातावरणभित्र विद्यार्थीको सङ्ख्या, बसाइको व्यवस्था, विषयवस्तुको स्वरूप आदि कुराहरूलाई समेटन सकिन्छ । सीमित सङ्ख्यामा विद्यार्थीहरू भएमा, स्वर आवश्यकताअनुसार ठूलो-सानो हुनु, विद्यार्थीमा जिज्ञासा र एकाग्रता हुनुले श्रुतिबोध उपयुक्त मात्रामा हुन सक्छ । श्रुतिको समयमा अनियन्त्रित र अशान्त वातावरण सिर्जना भएमा श्रोताको ध्यान केन्द्रित हुँदैन र श्रुतिबोध अपेक्षाकृत प्राप्त गर्न सकिँदैन । वक्ताले अभिव्यक्ति गरेको कुरा वातावरणको माध्यमबाट श्रोतामा आइपुग्ने भएकोले माध्यममा बाधा उत्पन्न हुँदा श्रुतिबोध क्षमतामा प्रत्यक्ष असर पर्दछ । श्रुतिबोधको औचित्य कायम राख्न स्वच्छ एवं शान्त वातावरण सिर्जना गर्नुपर्छ ।

### ३.६.४ विषयवस्तु र यान्त्रिक उपकरण

वक्ता र श्रोताको तालमेल मिलेर मात्र श्रुतिबोध हुदैन त्यसमा समावेश गरिएको विषयवस्तुको पनि उतिकै ठूलो भूमिका हुन्छ । श्रोताको उमेर, कक्षा र तहअनुसार विषयवस्तुको स्तरण गरिनुपर्छ । विषयवस्तु धेरै जटिल र अत्यन्त सजिलो किसिमको नभइ श्रोताको रुचिपूर्ण र स्तरयुक्त हुनु आवश्यक मानिन्छ । विषयवस्तु छनोटमा पद्यभन्दा गद्य, भावुकभन्दा बौद्धिक एवम् संज्ञानात्मक तथा काल्पनिक भन्दा तथ्यपरक प्रकृतिका सामग्रीहरू श्रुतिबोध क्षमताको अध्ययनका लागि छनोट गरिनुपर्छ ।

विषयवस्तुमा विविधता हुनु आवश्यक छ । एउटै विषयक्षेत्रमा मात्र सीमित नरही सामाजिकशास्त्र, भाषा, साहित्य, दर्शन, मनोविज्ञान, चिकित्सा, कृषि आदि क्षेत्रसँग सम्बन्धित हुनु पर्दछ । विषयवस्तु बौद्धिक स्तरअनुकूल हुन आवश्यक छ ।

वक्ताको अनुपस्थितिमा यान्त्रिक उपकरणको सहायताले अभिव्यक्ति श्रुति गराइन्छ । सञ्चारका साधनहरू श्रव्य र श्रव्यदृश्य हुन्छन । ठूलो आवाजमा उपकरण खोलिएका वा अत्यन्त सानो आवाजमा दुवै अवस्थाले श्रुतिबोधमा बाधा उत्पन्न हुन्छ । श्रुतिबोधमा प्रयोग गरिने यान्त्रिक उपकरण स्तरीय, स्पष्ट आवाज र प्रदुषणरहित हुनुपर्छ । श्रोताको सङ्ख्या र ध्वनिमा प्रसारणमा सन्तुलन कायम गर्न सकेमा मात्र अपेक्षानुकूल श्रुतिबोध गर्न सकिन्छ ।

## ३.७ नि.मा.वि. तहको अनिवार्य नेपाली विषयको पाठ्यक्रममा निर्दिष्ट श्रुतिबोधसम्बन्धी उद्देश्यको विश्लेषण

हरेक देशले आफ्नो देशको आर्थिक सामाजिक सांस्कृतिक, धार्मिक आधारमा शिक्षाका उद्देश्यहरू तय गरेको हुन्छ । आफ्नो देशमा आवश्यक जनशक्ति उत्पादनका लागि समसामयिक आवश्यकता र आफ्नो क्षमता समेतलाई मध्यनजर राखी समग्र रूपमा शिक्षाका राष्ट्रिय उद्देश्यहरू तय गरिएका हुन्छन् ।

पाठ्यक्रमले शिक्षाको राष्ट्रिय उद्देश्य परिपूर्तिका लागि कक्षागत र विषयगत उद्देश्यहरू राखेको हुन्छ । शिक्षा हरेक व्यक्तिको आधारशीला हो । शिक्षाका उद्देश्य नै व्यक्ति समाज र राष्ट्रको निर्माण गर्नु हो । मानिसले जस्तो प्रकारको शिक्षा प्राप्त गर्दछ त्यस्तै प्रकारको समाज वा राष्ट्रको निर्माण हुन जान्छ । त्यसैले शिक्षालाई मार्गनिर्देश गर्ने काम शिक्षाको राष्ट्रिय उद्देश्यमा भर पर्दछ ।

देश, समाज र व्यक्तिको आवश्यकताअनुसार शिक्षाका राष्ट्रिय उद्देश्य किटान गरिएका हुन्छन् भने शिक्षाका राष्ट्रिय उद्देश्य किटान भएपछि ती उद्देश्य पूरा गर्न शिक्षाका राष्ट्रिय उद्देश्यकै आधारमा तहगत उद्देश्यहरू चयन गरिएका हुन्छन् । तहगत उद्देश्यलाई परिपूर्ति गर्न विभिन्न विषयको माध्यम बनाइएका हुन्छन् । कक्षागत र

विषयगत उद्देश्यहरू तहगत उद्देश्य पूरा गर्ने उद्देश्यले तय गरिएका हुन्छन् । निम्नमाध्यमिक तहको शिक्षाको तहगत उद्देश्यले "राष्ट्र र प्रजातन्त्रप्रति आस्थावान सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत, भाषिक व्यवहारमा सक्षम श्रमप्रति सकारात्मक प्रवत्ति भएका स्वस्थ, स्वावलम्बी एवं चरित्रवान् नागरिक तयार गर्ने" उद्देश्य राखेको छ । निम्नमाध्यमिक तहको वर्तमान पाठ्यक्रम २०५० सालमा तयार गरिएकोमा उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदन २०५५ को सिफारिस समेतलाई मध्यनजर राखी २०५८ सालमा परिमार्जन गरिएको छ । निम्नमाध्यमिक तहको पाठ्यक्रममा नेपाली भाषा पाठ्यक्रमका उद्देश्यहरूलाई निम्नअनुसार राखिएको पाइन्छ ।

१. उच्चरित ध्वनिहरूको भिन्नता पहिल्याउन र सोही अनुरूप उच्चारण गर्न,
२. अरूद्वारा अभिव्यक्त विचार बुझ्ने गरी सुन्न,
३. शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न,
४. सुनेका विषयवस्तुको मुख्य मुख्य कुरा बताउन,
५. आफूले देखेका, सुनेका र अनुभव गरेका विषयवस्तुहरूमा मौखिक अभिव्यक्ति दिन,
६. आफूले भन्न चाहेका कुरालाई हाउभाउपूर्ण एवं प्रभावकारी ढंगले अभिव्यक्ति दिन,
७. कुराकानी, संवाद, वादविवाद, प्रश्नोत्तर, छलफल आदि मौखिक अभिव्यक्तिमा भाग लिन,
८. लिखित सामग्रीहरूलाई भावअनुसार गति, यति मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न,
९. विभिन्न प्रयोजनका लागि लिखित सामग्रीहरू मौनवाचन गर्न,
१०. विभिन्न उद्देश्यले लिखित सामग्रीहरू पढन,
११. पठित शब्दहरूको सन्दर्भपूर्ण प्रयोग गर्ने,
१२. पढेका विषयवस्तुको सारांश भन्न र लेख्न,
१३. आफूले देखेसुनेका र अनुभव गरेका विषयवस्तुहरूमा लिखित अभिव्यक्ति दिन,
१४. उपयुक्त वाक्य गठन, हिज्जे, विरामचिन्ह आदि मिलाई शुद्धसँग लेख्न,

१५. स्तरअनुसारका विषयहरूमा सन्दर्भ र सिलसिला मिलाइ लेख्न,

१६. पठित शब्दहरूलाई हिज्जे मिलाई लेख्न,

१७. पाठमा प्रयुक्त उखान टुक्काहरूको प्रयोग गर्न,

१८. विशिष्ट अंशहरूको भाव विस्तार गर्न,

१९. स-साना मौलिक रचनाहरू सन्दर्भ र सिलसिलामा मिलाई लेख्न,

२०. विभिन्न विषयहरू पढी शब्दभण्डारको वृद्धि गर्न,

२१. व्याकरणका आधारभूत तत्त्व बुझी तिनको उपयुक्त प्रयोग गर्न,

२२. नेपाली भाषामा लेखिएका विभिन्न विधाका समसामयिक पाठ्यसामग्रीहरू पढ्ने अभिरुचिको विकास गर्न,

२३. उद्देश्यअनुसारका विभिन्न पठन कौशलहरूको विकास गर्न,

२४. शिष्ट र शुद्ध भाषाको प्रयोग गर्ने बानी बसाल्न,

२५. साहित्यिक रचनाहरू पढ्ने अभिरुचि बढाउन ।

नि.मा.वि. तहको अनिवार्य नेपाली विषयको पाठ्यक्रम (२०५५) मा बोधअन्तर्गत सुनाइ र पढाइसँग सम्बन्धित साधारण उद्देश्यहरू निर्धारण गरिएको पाइन्छ । प्रारम्भिक कक्षाहरूमा ज्ञानार्जनको प्रमुख माध्यम श्रुतिबोध भएकोले तल्ला कक्षाहरूमा अन्य सीपहरूको तुलनामा सुनाइसीपको भूमिका कम रहन सक्छ । भाषा शिक्षणको प्रमुख आधार विन्दुको रूपमा सुनाइ सीपलाई लिन सकिन्छ । सुनाइ बोध पक्षसँग सम्बन्धित भएकोले त्यसको विकास गर्न सुनाइ र बोलाइमा जोड दिनुपर्छ । शोधको विषय ‘कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध सम्बन्धी भएकोले सुनाइ सीपसँग सम्बन्धित उद्देश्यहरूको उल्लेख गरिएको छ ।

**श्रुतिबोधका उद्देश्यहरू**

१. विभिन्न प्रकारका ध्वनिहरूको भिन्नता पहिल्याउन,

२. अरूले भनेका कुरा ध्यानपूर्वक सुन्न,

३. कविता, गीत, कथा आदि सुनी आनन्द लिन,

४. पाठमा प्रयुक्त शब्दहरूको आशय बुझ्न,

५. विभिन्न विधाका पाठहरूबाट शब्दहरूको बृद्धि गर्न,

६. स-साना कुराकानी, संवाद, प्रश्नोत्तर आदि सुन्न ।

निम्नमाध्यमिक तहको नेपाली भाषा पाठ्यक्रममा आधारभूत सीपको रूपमा सुनाइ र बोलाइलाई प्रारम्भिक कक्षाहरूमा र कक्षा बढ्दैगएपछि पढाइ र लेखाइलाई उत्तिकै महत्त्व दिनुपर्छ । भाषाका सीपहरू पृथकीकृत किसिमको नभएर एकीकृत किसिमका हुन्छन् । एउटा सीपलाई सिकाइसकेपछि अर्को सीप अनि अर्को सीप सिकाउने शृङ्खला भाषिक सीपमा लागू हुँदैन । सुनाइसँग बोलाइ जति घनिष्टता हुन्छ, त्यति नै घनिष्टता पढाइसँग लेखाइको हुन्छ । त्यसै गरी सुनाइसँग पढाइ, लेखाइ र बोलाइ अन्तर्सम्बन्ध हुन्छ ।

समग्रमा के भन्न सकिन्छ भने हरेक सीपको हरेक सीपसँग कुनै न कुनै आवद्धता गाँसिएको हुनाले भाषिक सीपहरूलाई सँगसँगै एउटै समयमा आबद्ध गराएर लैजानुपर्दछ ।

# अध्याय चार
# व्याख्या तथा विश्लेषण

प्रस्तुत अध्ययनमा कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । यस अध्ययनका लागि काठमाडौं जिल्लाका १४० विद्यार्थीहरूको श्रुतिबोध क्षमतालाई प्रतिशतका आधारमा दृष्टांश तथा अदृष्टांश उद्धरणका आधारमा र समूहगत आधारमा छुट्टाछुट्टै रूपमा व्याख्या र विश्लेषण गरिएको छ । यस अध्यायको व्याख्या र विश्लेषणका लागि प्रतिशत गणना, मध्यमान र मानक विचलनको प्रयोग गरिएको छ । व्याख्या तथा विश्लेषणको विस्तृत विवरण निम्नअनुसार छ ।

## ४.१ समग्र विद्यार्थीहरूको श्रुतिबोध क्षमताको स्थिति

### ४.१.१ प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको श्रुतिबोध क्षमताको स्थिति

| कुल सङ्ख्या | ४० प्रतिशतभन्दा कम | | ५० प्रतिशतभन्दा कम | | ६० प्रतिशतभन्दा कम | | ७० प्रतिशतभन्दा कम | | ७० प्रतिशतभन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १४० | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | ८ | ५.७१ | १५ | १०.७१ | ३८ | २७.१४ | ३५ | २५ | ४४ | ३१.४२ |

माथिको तालिकाअनुसार समग्र विद्यार्थीहरूको प्रतिशतका आधारमा श्रुतिबोध क्षमताको लागि नमुना छनोट गरिएका १४० जना विद्यार्थीहरूमध्ये सबैभन्दा न्यूनतम श्रेणीका रूपमा रहेको ४० प्रतिशतभन्दा कम श्रुतिबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ५.७१ प्रतिशत देखिन्छ । ५० प्रतिशतभन्दा कम र ४० प्रतिशतभन्दा बढी श्रुतिबोध क्षमता भएका विद्यार्थी सङ्ख्या १०.७१ प्रतिशत रहेको छ । ५० प्रतिशतभन्दा बढी र ६० प्रतिशतभन्दा कम श्रुतिबोध क्षमता भएका विद्यार्थी सङ्ख्या २७.१४ प्रतिशत रहेको देखिन्छ । ६० प्रतिशतभन्दा बढी ७० प्रतिशतभन्दा कम विद्यार्थीहरूको श्रुतिबोध क्षमता ३५ प्रतिशत र ७० प्रतिशतभन्दा बढी विद्यार्थीहरूको श्रुतिबोध क्षमता ३१.४२ प्रतिशत देखिन्छ ।

माथिको तालिकालाई तुलनात्मक विश्लेषण गर्दा न्यूनतम श्रेणीमा रहेको ४० प्रतिशतभन्दा कम प्रतिशत र ७० प्रतिशतभन्दा माथि ३१.४२ प्रतिशत देखिनुले कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमता उच्च रहेको पाइन्छ । ४० प्रतिशतभन्दा बढी र ५० प्रतिशतभन्दा कम श्रुतिबोध क्षमतामा १०.७१ प्रतिशत रहनुले ५० प्रतिशतभन्दा कम प्रतिशतमा विद्यार्थीहरूको श्रुतिबोध क्षमता सन्तोषजनक पाइन्छ । यसरी नै ६० प्रतिशतभन्दा कम र ५० प्रतिशतभन्दा बढीको श्रेणी पनि २७.१४ प्रतिशत रहेबाट श्रेणी प्रतिशत वृद्धि सँगसँगै विद्यार्थीहरूको श्रुतिबोध क्षमता प्रतिशत वृद्धि हुदै गएको पाउन सकिन्छ । ७० प्रतिशत कम श्रेणीमा श्रुतिबोध क्षमता २५ प्रतिशत रहेकोले अघिल्लो श्रेणीभन्दा २.१४ प्रतिशत कम भएपनि निराशाजनक मान्न सकिँदैन । ७० प्रतिशतभन्दा बढी श्रेणीमा श्रुतिबोध क्षमता ३१.४२ प्रतिशत रहेकोले समग्र कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमता सन्तोषजनक रहेको छ ।

### ४.१.२ मध्यमान र मानकविचलनका आधारमा समग्र विद्यार्थीहरूको श्रुतिबोध क्षमताको स्थिति

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १४० | ३२.७८ | ९.११ | ५९ | ४२.१४ | ८१ | ५७.८५ |

माथिको तालिकामा कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूले प्राप्त गरेका अङ्क र विद्यार्थी सङ्ख्याका आधारमा मध्यमान निर्धारण गरिएको छ । विद्यार्थीहरूले प्राप्त गरेको समग्र तथ्याङ्क वितरणको एकरूपताको मात्रा निर्धारण गर्न मानक विचलनको उपयोग गरिएको छ । प्रतिनिधि नमुना छनोट गरिएका १४० जना विद्यार्थीहरूको मध्यमान ३२.७८ रहेको छ । मध्यमानलाई आधार मान्दा मध्यमानभन्दा माथि ४२.१४ प्रतिशत र मध्यमानभन्दा तल ५७.८५ प्रतिशत रहेको छ । मानक विचलन ९.११ देखिन्छ ।

मध्यमानभन्दा माथि र तलको अन्तर १५.७१ रहेको छ । मध्यमानभन्दा तल बहुसङ्ख्यक र मध्यमानभन्दा माथि अल्पसङ्ख्यक विद्यार्थीहरू रहनुले कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमता कमजोर रहेको पाउन सकिन्छ । तथ्याङ्कबाट प्राप्त मानक विचलन ९.११ रहनुले विद्यार्थीको श्रुतिबोध क्षमतामा भने एकरूपता पाउन सकिन्छ ।

## ४.२ समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको श्रुतिबोध क्षमताको समूहगत स्थिति

| कुल सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | समूह | समूहगत सङ्ख्या | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १४० | ३२.७८ | ९.११ | विद्यालय प्रकृति | | | | | |
| | | | निजी | ६८ | ३० | ४४.११ | ३८ | ५५.८८ |
| | | | सार्वजनिक | ७२ | ४४ | ६१.११ | २८ | ३८.८८ |
| | | | स्थानीयता | | | | | |
| | | | गाउँ | ५६ | ३२ | ५७.१४ | २४ | ४२.८५ |
| | | | सहर | ८४ | ३४ | ४०.४७ | ५० | ५९.५२ |
| | | | लिङ्ग | | | | | |
| | | | छात्र | ७० | २८ | ४० | ४२ | ६० |
| | | | छात्रा | ७० | ४० | ५७.१४ | ३० | ४२.८५ |
| | | | भाषिक पृष्ठभूमि | | | | | |
| | | | नेपाली मातृभाषी | ७७ | ४३ | ५५.८५ | ३४ | ४४.१५ |
| | | | नेपाली दोस्रोभाषी | ६३ | २१ | ३३.३३ | ४२ | ६६.६६ |

माथिको तालिकामा विद्यार्थीहरूको कुल सङ्ख्या १४० रहेको छ । समग्रमा विद्यार्थीहरूको मध्यमान ३२.७८ र मानक विचलन ९.११ लाई आधार मानी समूहगत श्रुतिबोध क्षमताको स्थिति प्रस्तुत गरिएको छ ।

विद्यालय प्रकृतिका आधारमा निजी तथा सार्वजनिकतर्फ क्रमशः ६८ र ७२ जना विद्यार्थीहरू समावेश गरिएका थिए । समग्र मध्यमान ३२.७८ लाई आधार मानेर

हेर्दा निजीतर्फ ४४.११ प्रतिशत मध्यमानभन्दा माथि र ५५.८८ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । मध्यमानको तल र माथि पर्ने विद्यार्थीको प्रतिशत अन्तर ११.७७ रहेको छ । यो अन्तरबाट स्पष्ट हुन्छ कि बहुसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा तल र अल्पसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा माथि भएकोले निजी विद्यालयका विद्यार्थीहरूको श्रुतिबोध क्षमता कमजोर रहेको छ । सार्वजनिकतर्फ ६१.११ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ३८.८८ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेका छन् । अल्पसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा तल देखिनुले सार्वजनिक विद्यालयका विद्यार्थीहरूको श्रुतिबोध क्षमता सन्तोषजनक रहेको छ ।

स्थानीयताका आधारमा गाउँतर्फ ५६ जना र सहरतर्फ ८४ जना विद्यार्थीहरू समावेश गरिएको थियो । गाउँतर्फका ५६ जना मध्ये ५७.१४ प्रतिशत मध्यमानभन्दा माथि र ४२.८५ प्रतिशत मध्यमानभन्दा तल रहेको छ । मध्यमानभन्दा माथि र तलको अन्तर १४.२९ प्रतिशत रहनुले गाउँका विद्यार्थीहरूको श्रुतिबोध क्षमता सन्तोषजनक रहेको पाउन सकिन्छ । सहरतर्फका ८५ जना विद्यार्थीहरू मध्ये ४०.४७ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ५९.५२ प्रतिशत विद्यार्थीहरूको श्रुतिबोध क्षमता मध्यमानभन्दा तल रहेको देखिन्छ । अधिकांश विद्यार्थीहरूको श्रुतिबोध क्षमता प्रतिशत मध्यमानभन्दा तल रहेको छ भने कम प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि रहेकोले सहरका विद्यार्थीको श्रुतिबोध क्षमता कमजोर रहेको पाउन सकिन्छ ।

लिङ्गका आधारमा समग्र श्रुतिबोध क्षमताको अध्ययनमा छात्र ७० जना र छात्रा ७० जना समावेश गरिएको थियो । समग्र मध्यमानलाई आधारविन्दु बनाएर विश्लेषण गर्दा छात्रतर्फ ४० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि र ६० प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । मध्यमान तल र माथिको अन्तर २० प्रतिशत रहेको देखिन्छ । मध्यमानभन्दा तल बहुसङ्ख्यक विद्यार्थीहरू र मध्यमानभन्दा माथि अल्पसङ्ख्यक विद्यार्थीहरू रहनुले छात्रको श्रुतिबोध क्षमता कमजोर रहेको छ । यसले छात्रको श्रुतिबोध क्षमता निराशाजनक देखाएकोले बोध सम्बन्धी पाठ्यसामग्रीमा जोड दिनुपर्ने देखिन्छ । यसै गरी समग्रमा मध्यमान ३२.७८ लाई आधार मानेर

छात्राहरूको श्रुतिबोधलाई दृष्टिगत गर्दा ७० जना छात्राहरूमध्ये ५७.१४ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेका छन् । मध्यमान तल र माथिको अन्तर १४.२९ रहनुले समग्र छात्राहरूको श्रुतिबोध क्षमता सन्तोषजनक मान्न सकिन्छ ।

भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषीतर्फ ७७ जना र नेपाली दोस्रोभाषीतर्फ ६३ जना समावेश गरिएको छ । समग्र मध्यमान ३२.७८ लाई आधारमानी नेपाली मातृभाषीतर्फ केलाउँदा मध्यमानभन्दा माथि ५५.८४ प्रतिशत र मध्यमानभन्दा तल ४४.१५ प्रतिशत रहेको देखिन्छ । मध्यमानको तल र माथिको अन्तर ११.७९ भएकोले नेपाली मातृभाषा भएका बहुसङ्ख्यक विद्यार्थी मध्यमानभन्दा माथि र अल्पसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा तल रहेकोले नेपाली मातृभाषी कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमता सन्तोषजनक मान्न सकिन्छ । समग्र मध्यमान ३२.७८ का आधारमा प्रस्तुत अध्ययनलाई नेपाली दोस्रोभाषी विद्यार्थीतर्फ दुष्टिगत गर्दा ३३.३३ प्रतिशत मध्यमानभन्दा माथि र ६६.६६ प्रतिशत मध्यमानभन्दा तल रहेका छन् । मध्यमानको माथि र तलको अन्तर ३३.३३ रहनुले नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिबोध क्षमता ज्यादै कमजोर देखिन्छ । यसको कारण भाषिक बोधगम्यताको कमी हो । नेपाली दोस्रोभाषी विद्यार्थीहरूलाई स्तर हेरी श्रुतिबोध सामग्रीको छनोट गरी छुट्टै समूह बनाइ श्रुतिबोध गराउनु उचित हुन्छ ।

## ४.३ विद्यार्थीहरूको दृष्टांश श्रुतिबोध क्षमताको स्थिति

### ४.३.१ प्रतिशतका आधारमा विद्यार्थीहरूको दृष्टांश श्रुतिबोध क्षमताको स्थिति

| कुल सङ्ख्या | ४० प्रतिशत-भन्दा कम | | ५० प्रतिशत-भन्दा कम | | ६० प्रतिशत-भन्दा कम | | ७० प्रतिशत-भन्दा कम | | ७० प्रतिशत-भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १४० | ७ | ५ | १८ | १२.८५ | ३२ | २२.८५ | ३५ | २५ | ४८ | ३४.२८ |

माथिको तालिकामा विद्यार्थीहरूको दृष्टांश श्रुतिबोध क्षमतालाई प्रतिशतका आधारमा पाँच श्रेणीमा विभाजन गरिएको छ । कुल विद्यार्थी सङ्ख्या १४० मध्ये ४० प्रतिशतभन्दा कम श्रुतिबोध क्षमता भएका विद्यार्थी ५ प्रतिशत रहेका छन् । यस

श्रेणीमा भएको प्रतिशतलाई कुल सङ्ख्याका आधारमा न्युन प्रतिशत मानिन्छ । ५० प्रतिशतभन्दा कम र ४० प्रतिशतभन्दा बढी श्रुतिबोध क्षमता भएका विद्यार्थी १२.८५ प्रतिशत रहेका छन् । ६० प्रतिशतभन्दा कम र ५० प्रतिशतभन्दा बढी श्रुतिबोध क्षमता भएका विद्यार्थी २२.८५ प्रतिशत छन् । ६० प्रतिशतभन्दा बढी र ७० प्रतिशतभन्दा कम श्रुतिबोध क्षमता भएका विद्यार्थीको सङ्ख्या २५ प्रतिशत र ७० प्रतिशतभन्दा बढी श्रुतिबोध क्षमता भएका विद्यार्थी सङ्ख्या ३४.२८ प्रतिशत रहेको छ ।

श्रेणीमा निर्धारण गरिएको न्यूनतम श्रेणी ४० प्रतिशतभन्दा कम र उच्चतम श्रेणी ७० प्रतिशतभन्दा बढी श्रुतिबोध क्षमता भएका विद्यार्थी सङ्ख्याको अन्तर २९.२८ प्रतिशतबाट स्पष्ट हुन्छ कि कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको दृष्टांश उद्धरणको श्रुतिबोध क्षमता सन्तोषजनक भएको पाउन सकिन्छ ।

### ४.३.२ मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको दृष्टांश श्रुतिबोध क्षमताको स्थिति

| कुल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १४० | १६.४२ | ४.८६ | ६२ | ४४.२८ | ७८ | ५५.७१ |

उपर्युक्त तालिकामा कुल विद्यार्थी सङ्ख्या १४० को दृष्टांश श्रुतिबोध क्षमताका आधारमा मध्यमान १६.४२ र मानक विचलन ४.८६ रहेको छ । मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि श्रुतिबोध क्षमता भएका विद्यार्थी सङ्ख्या ४४.२८ प्रतिशत र मध्यमानभन्दा तल श्रुतिबोध क्षमता भएका विद्यार्थी सङ्ख्या ५५.७१ प्रतिशत रहेका छन् । मध्यमानभन्दा तल र माथिको प्रतिशत अन्तर ११.४३ छ । बहुसङ्ख्यक विद्यार्थीहरूको सङ्ख्या मध्यमानभन्दा तल र अल्पसङ्ख्यक विद्यार्थीको सङ्ख्या मध्यमानभन्दा माथि भएकोले कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको दृष्टांश उद्धरणको श्रुतिबोध क्षमता सन्तोषजनक मान्न सकिंदैन । ४.८६ मानक विचलन देखिनुले श्रुतिबोध क्षमतामा एकरूपता पाइन्छ ।

### ४.४ विद्यार्थीहरूको अदृष्टांश श्रुतिबोध क्षमताको स्थिति

### ४.४.१ प्रतिशतका आधारमा विद्यार्थीहरूको अदृष्टांश श्रुतिबोध क्षमताको स्थिति

| कुल सङ्ख्या | ४० प्रतिशत-भन्दा कम | | ५० प्रतिशत-भन्दा कम | | ६० प्रतिशत-भन्दा कम | | ७० प्रतिशत-भन्दा कम | | ७० प्रतिशत-भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १४० | २० | १४.२८ | ३४ | २४.२८ | २० | १४.२८ | ३७ | २६.४२ | २९ | २०.७१ |

प्रस्तुत तालिकामा अदृष्टांश उद्धरणको श्रुतिबोध क्षमतामा १४० जना विद्यार्थी सङ्ख्यामध्ये ४० प्रतिशतभन्दा कम श्रेणीमा १४.२८ प्रतिशत विद्यार्थीहरूको श्रुतिबोध क्षमता रहेको छ । ५० प्रतिशतभन्दा कम र ४० प्रतिशतभन्दा बढी श्रुतिबोध क्षमता भएका विद्यार्थी सङ्ख्या २४.२८ प्रतिशत रहेको छ । ४० प्रतिशत र ५० प्रतिशत श्रेणीको श्रुतिबोध क्षमताको अन्तर १० प्रतिशत रहेको छ । ६० प्रतिशतभन्दा कम र ५० प्रतिशतभन्दा बढी श्रुतिबोध क्षमता भएका विद्यार्थी १४.२८ रहेको छ । ६० प्रतिशतभन्दा बढी र ७० प्रतिशतभन्दा कम श्रेणीमा श्रुतिबोध क्षमता भएका विद्यार्थी सङ्ख्या १६.४२ प्रतिशत रहेको छ भने ७० प्रतिशतभन्दा बढी श्रेणीमा २०.७१ प्रतिशत विद्यार्थी रहेका छन् ।

निर्धारण गरिएका पाँचवटा श्रेणीमध्ये न्यूनतम श्रेणी ४० प्रतिशतभन्दा कममा न्यून विद्यार्थी सङ्ख्या र उच्चतम श्रेणी ७० प्रतिशतभन्दा बढीमा उच्च विद्यार्थी सङ्ख्या रहनुले कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको अदृष्टांश श्रुतिबोध क्षमता सन्तोषजनक पाइन्छ तर ६० प्रतिशतभन्दा माथि ४७.१४ प्रतिशत र ६० भन्दा तल ५२.५८ प्रतिशत देखिनुले ५.७१ प्रतिशतले बढी विद्यार्थी ६० प्रतिशतभन्दा कम श्रेणीमा पर्दछन । समग्र रूपमा अदृष्टांश उद्धरणको श्रुतिबोध क्षमता सन्तोषजनक रहेपनि ६० प्रतिशतलाई आधारमानी अध्ययन गर्दा श्रुतिबोध क्षमता कमजोर रहेको पाइन्छ ।

## ४.४.२ मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको अदृष्टांश श्रुतिबोध क्षमता स्थिति

| कुल सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १४० | १४.११ | ५.६८ | ६६ | ४७.१४ | ७४ | ५२.८५ |

माथिको तालिकामा अदृष्टांश उद्धरणको समग्र विद्यार्थी सङ्ख्या र प्राप्ताङ्कको आधारमा मध्यमान १४.११ र मानक विचलन ५.६८ रहेको छ । मध्यमानलाई आधार मान्दा मध्यमानभन्दा माथि श्रुतिबोध क्षमता भएका विद्यार्थी ४७.१४ प्रतिशत र मध्यमानभन्दा तल श्रुतिबोध क्षमता भएका विद्यार्थी ५२.८५ प्रतिशत रहेका छन् । मध्यमानको तल र माथिको अन्तर ५.७१ प्रतिशत रहेको छ । मध्यमानभन्दा तल र माथिको अन्तरको आधारमा बहुसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा तल र अल्पसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा माथि रहनुले अदृष्टांश उद्धरणको श्रुतिबोध क्षमता सन्तोषजनक मान्न सकिंदैन । साथै मानक विचलन ५.६८ रहनुले तथ्याÊको वितरणको मात्रा एकरूपता पाउन सकिन्छ ।

## ४.४.३ समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको समूहगत दृष्टांश श्रुतिबोध क्षमताको स्थिति

'कक्षा ६' मा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमताको अध्ययन' शीर्षकमा अध्ययन गर्न उपयोगमा ल्याइएका प्रतिनिधि जनसङ्ख्या १४० जना विद्यार्थीहरू छन् । विद्यार्थीहरूको श्रुतिबोध क्षमता परीक्षण गर्नको लागि दुईवटा उद्धरणको प्रयोग गरिएको छ । पहिलो उद्धरण दृष्टांश र दोस्रो अदृष्टांश उद्धरणमध्ये दृष्टांश उद्धरणको समूहगत आधारमा विद्यार्थीहरूले प्राप्त गरेको श्रुतिबोध क्षमता र समग्र दृष्टांश उद्धरणको मध्यमान र मानक विचलनका आधारमा निम्नअनुसार विश्लेषण गरिएको छ ।

| कुल सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | समूहगत विद्यालय | समूहगत सङ्ख्या | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | विद्यालय प्रकृति | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १४० | १६.४२ | ४.८६ | -निजी | ६८ | ३१ | ४५.५८ | ३७ | ५४.४१ |
| | | | -सार्वजनिक | ७२ | ४२ | ५८.३३ | ३० | ४१.६६ |
| | | | स्थानीयता | | | | | |
| | | | -गाउँ | ५६ | २३ | ४१.०७ | ३३ | ५८.९२ |
| | | | -सहर | ८४ | ४४ | ५२.४८ | ४० | ४७.६१ |
| | | | लिङ्ग | | | | | |
| | | | -छात्र | ७० | २८ | ४० | ४२ | ६० |
| | | | -छात्रा | ७० | ४० | ५७.१४ | ३० | ४२.८५ |
| | | | भाषिक पृष्ठभूमि | | | | | |
| | | | -नेपाली मातृभाषी | ७७ | ४३ | ५५.८४ | ३४ | ४४ |
| | | | -नेपाली दोस्रोभाषी | ६३ | २१ | ३३.३३ | ४२ | ६६.६६ |

प्रस्तुत तालिकामा जम्मा विद्यार्थी सङ्ख्या १४० रहेको छ । दृष्टांश श्रुतिबोधको समग्र मध्यमान १६.४२ र मानक विचलन ४.६८ रहेको छ । समग्र मध्यमान र मानक विचलनलाई आधार बनाइ विभिन्न समूहका विद्यार्थीहरूको श्रुतिबोध क्षमतालाई तालिकाको सहयोग लिई क्रमश: विश्लेषण गरिएको छ ।

विद्यालय प्रकृतिका आधारमा निजी विद्यालयतर्फ ६८ र सार्वजनिक विद्यालयतर्फ ७२ जना विद्यार्थीहरू यस अध्ययनमा समावेश गरिएको थियो । दृष्टांश श्रुतिबोध क्षमताको समग्र मध्यमान १६.४२ लाई केन्द्रविन्दु मान्दा निजी विद्यालयका विद्यार्थीहरूमध्ये ४५.५८ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ५४.४१ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेका छन् । मध्यमान तल र माथिको अन्तर ८.८३ छ । निजी विद्यालयका बहुसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा तल र अल्पसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा माथि रहनुले कक्षा ६ मा निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको दृष्टांश उद्धरण श्रुतिबोध क्षमता कमजोर रहेको छ । सार्वजनिक विद्यालयतर्फ मध्यमानका आधारमा तुलना गर्दा मध्यमानभन्दा माथि ५८.३३ प्रतिशत र मध्यमानभन्दा तल ४१.६६ प्रतिशत रहेको छ । मध्यमानभन्दा माथिको प्रतिशत मध्यमानभन्दा तलको प्रतिशत अन्तर १६.६७ रहेको छ । मध्यमानभन्दा माथिको

प्रतिशत १६.६७ले बढी हुनुले कक्षा ६ का सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको दृष्टांश श्रुतिबोध क्षमता सन्तोषजनक रहेको छ ।

स्थानीयताका आधारमा गाउँका ५६ जना विद्यार्थीहरूमध्ये मध्यमान १६.४२ लाई आधार मानी विश्लेषण गर्दा मध्यमानभन्दा माथि ४१.०७ र मध्यमानभन्दा तल ५८.९२ प्रतिशत रहेका छन् । गाउँका विद्यार्थीहरूको श्रुतिबोध क्षमता मध्यमानभन्दा तलको विद्यार्थी प्रतिशत माथिभन्दा १७.८५ प्रतिशतले बढी छ । मध्यमानभन्दा कम श्रेणीमा विद्यार्थीको सङ्ख्या बढी रहेकोले कक्षा ६ मा अध्ययनरत गाउँका विद्यार्थीहरूको दृष्टांश श्रुतिबोध क्षमता कमजोर रहेको पाइन्छ । सहरका ८४ जना विद्यार्थीहरूमध्ये मध्यमानभन्दा माथि ५२.३८ प्रतिशत र मध्यमानभन्दा तल ४७.६१ प्रतिशत रहेका छन् । मध्यमानभन्दा माथि र तलको प्रतिशतमा तलभन्दा माथि ४.७७ प्रतिशत बढी रहनुले बहुसङ्ख्य विद्यार्थीहरू मध्यमानभन्दा माथि र अल्पसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा तल रहेको देखिन्छ । समग्रमा कक्षा ६ मा अध्ययनरत सहरका विद्यार्थीहरूको दृष्टांश श्रुतिबोध क्षमता सन्तोषजनक रहेको छ ।

लैङ्गिक आधारमा ७० जना छात्र र ७० जना छात्रा समावेश गरिएका छन् । ७० जना छात्रमध्ये समग्रमा दृष्टांश श्रुतिबोधको मध्यमानभन्दा माथि ४० प्रतिशत र मध्यमानभन्दा तल ६० प्रतिशत रहेका छन् । जम्मा छात्रमध्ये बहुप्रतिशत विद्यार्थी मध्यमानभन्दा तल र अल्पप्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि रहेकोले कक्षा ६ मा अध्ययनरत छात्रको दृष्टांश श्रुतिबोध क्षमता अति कमजोर रहेको पाइन्छ । ७० जना छात्रामध्ये मध्यमानभन्दा माथि ५७.१४ प्रतिशत र मध्यमानभन्दा तल ४२.५८ प्रतिशत रहेका छन् । मध्यमानभन्दा माथि र तलको अन्तर १४.५६ रहेको छ । अन्तरलाई केलाउँदा बहुसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा माथि र अल्पसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा तल रहेबाट कक्षा ६ मा अध्ययनरत छात्राहरूको दृष्टांश श्रुतिबोध क्षमता सन्तोषजनक रहेको छ ।

भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी ७७ जना र नेपाली दोस्रोभाषी ६३ जना रहेका छन् । नेपाली मातृभाषी ७७ जनामध्ये दृष्टांश श्रुतिबोधको समग्र मध्यमानभन्दा माथि ५५.८४ र मध्यमानभन्दा तल ४४.१५ प्रतिशत रहेका छन् । बहुप्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि पर्ने भएकोले कक्षा ६ मा अध्ययनरत नेपाली मातृभाषी विद्यार्थीहरूको दृष्टांश श्रुतिबोध क्षमता सन्तोषजनक देखिन्छ । नेपाली दोस्रोभाषी विद्यार्थीतर्फ ३३.३३ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ६६.६६ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेका छन् । मध्यमानभन्दा तलको प्रतिशत मध्यमानभन्दा माथिको प्रतिशतको दोब्बर रहेबाट कक्षा ६ मा अध्ययनरत नेपाली दोस्रोभाषी विद्यार्थीहरूको दृष्टांश श्रुतिबोध क्षमता अति कमजोर वा चिन्ताजनक स्थितिमा रहेको देखिन्छ ।

### ४.४.४ समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको समूहगत अदृष्टांश श्रुतिबोध क्षमताको स्थिति

| कुल सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | समूहगत विद्यालय | समूहगत सङ्ख्या | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १४० | १४.११ | ५.६८ | विद्यालय प्रकृति | | | | | |
| | | | -निजी | ६८ | ४२ | ६१.७६ | २६ | ३८.२३ |
| | | | -सार्वजनिक | ७२ | ४५ | ६२.५ | २७ | ३७.५ |
| | | | स्थानीयता | | | | | |
| | | | -गाउँ | ५६ | २२ | ३९.२८ | ३४ | ६०.७१ |
| | | | -सहर | ८४ | ४७ | ५५.९५ | ३७ | ४४.०४ |
| | | | लिङ्ग | | | | | |
| | | | -छात्र | ७० | ३२ | ४५.७१ | ३८ | ५४.२८ |
| | | | -छात्रा | ७० | ३७ | ५२.८५ | ३३ | ४७.१४ |
| | | | भाषिक पृष्ठभूमि | | | | | |
| | | | -नेपाली मातृभाषी | ७७ | ४७ | ६१.०३ | ३० | ३८.९६ |
| | | | -नेपाली दोस्रोभाषी | ६३ | २७ | ४२.८५ | ३६ | ५७.१४ |

प्रस्तुत तालिकामा जम्मा विद्यार्थी १४० जना छन् । समग्र अदृष्टांश उद्धरणको श्रुतिबोध क्षमताको मध्यमान १४.११ र मानक विचलन ५.६८ रहेको छ । मध्यमानका आधारमा समूहगत रूपमा विद्यार्थीहरूको अदृष्टांश श्रुतिबोध क्षमता निम्नअनुसार रहेको छ ।

विद्यालय प्रकृतिका आधारमा जम्मा १४० जना विद्यार्थीमध्ये निजी विद्यालयतर्फ ६८ जना र सार्वजनिक विद्यालयतर्फ ७२ जना विद्यार्थीहरू रहेका छन् । अदृष्टांश उद्धरणको समग्र मध्यमानका आधारमा निजी विद्यालयका ६१.७६ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ३८.२३ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेका छन् । मध्यमान माथि र तलको अन्तर २३.५३ प्रतिशत रहेको छ । मध्यमानभन्दा माथि श्रेणीमा विद्यार्थीहरू २३.५३ प्रतिशत बढी रहनुले कक्षा ६ मा अध्ययनरत निजी विद्यालयका विद्यार्थीहरूको अदृष्टांश उद्धरणको श्रुतिबोध क्षमता सन्तोषजनक रहेको छ । सार्वजनिक विद्यालयलतर्फ ७२ जना विद्यार्थीहरूमध्ये ६२.५ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ३७.५ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेका छन् । मध्यमानभन्दा माथि बढी प्रतिशत र मध्यमानभन्दा तल घटी प्रतिशत विद्यार्थीहरू रहनुबाट कक्षा ६ मा अध्ययनरत सार्वजनिक विद्यालयका विद्यार्थीहरूको अदृष्टांश उद्धरणको श्रुतिबोध क्षमता सन्तोषजनक रहेको छ ।

स्थानीयताका आधारमा जम्मा १४० जना विद्यार्थीहरूमध्ये ५६ जना गाउँका र ८४ जना सहरका रहेका छन् । गाउँका ५६ जना विद्यार्थीहरूमध्ये ३९.२८ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ६०.७१ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेका छन् । मध्यमान तल र माथिको अन्तर २१.४३ प्रतिशत रहेको छ । मध्यमानभन्दा माथि अल्पसङ्ख्यक विद्यार्थी रहेकाले कक्षा ६ मा अध्ययनरत गाउँका विद्यार्थीहरूको अदृष्टांश उद्धरणको श्रुतिबोध क्षमता कमजोर रहेको छ । सहरका ८४ जना विद्यार्थीहरूमध्ये ५५.९५ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ४४.०४ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेका छन् । मध्यमानभन्दा माथि र तलको प्रतिशतलाई नियाल्दा मध्यमानभन्दा माथि बहुसङ्ख्यक विद्यार्थी रहनुबाट कक्षा ६ मा अध्ययनरत सहरका विद्यार्थीहरूको अदृष्टांश उद्धरणको श्रुतिबोध क्षमता सन्तोषजनक देखिन्छ ।

लैङ्गिक आधारमा जम्मा १४० विद्यार्थीहरूमध्ये ७० जना छात्र र ७० जना छात्रा रहेका छन् । ७० जना छात्रमध्ये ४५.७१ प्रतिशत मध्यमानभन्दा माथि र ५४.२८ प्रतिशत मध्यमानभन्दा तल रहेका छन् । मध्यमान तल र माथिको अन्तर ८.५७

प्रतिशत रहेको छ । बहुसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा तल र अल्पसङ्ख्यक विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेबाट कक्षा ६ मा अध्ययनरत छात्राको अदृष्टांश उद्धरणको श्रुतिबोध क्षमता कमजोर रहेको छ । ७० जना छात्रामध्ये ५२.८५ प्रतिशत छात्रा मध्यमानभन्दा माथि र ४७.१४ प्रतिशत छात्रा मध्यमानभन्दा तल रहेकोले अदृष्टांश उद्धरणको समग्र मध्यमानको आधारमा विश्लेषण गर्दा बहुसङ्ख्यक विद्यार्थी मध्यमानभन्दा माथि र अल्पसङ्ख्यक विद्यार्थी मध्यमानभन्दा तल रहेकाले कक्षा ६ मा अध्ययनरत छात्राको अदृष्टांश उद्धरणको श्रुतिबोध क्षमता सन्तोषजनक रहेको छ ।

भाषिक पृष्ठभूमिका आधारमा जम्मा १४० जना विद्यार्थीहरूमध्ये ७७ जना नेपाली मातृभाषी र ६३ जना नेपाली दोस्रोभाषी विद्यार्थीहरू रहेका छन् । नेपाली मातृभाषी ७७ जना मध्ये ६१.०३ प्रतिशत मध्यमानभन्दा माथि र ३८.९६ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेका छन् । मध्यमानभन्दा माथि र तलको अन्तर, २२.०७ प्रतिशत रहेको छ । अदृष्टांश उद्धरणको समग्र मध्यमानसँग तुलना गर्दा मध्यमानभन्दा माथि विद्यार्थी बढी प्रतिशत र मध्यमानभन्दा तल घटी प्रतिशत विद्यार्थी रहेकोले कक्षा ६ मा अध्ययनरत नेपाली मातृभाषी विद्यार्थीहरूको अदृष्टांश उद्धरणको श्रुतिबोध क्षमता सन्तोषजनक रहेको छ । नेपाली दोस्रोभाषी ६३ जना विद्यार्थीहरूमध्ये ४२.८५ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ५७.१४ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेका छन् । मध्यमानभन्दा तल बहुप्रतिशत विद्यार्थी र मध्यमानभन्दा माथि अल्पसङ्ख्यक विद्यार्थी रहेकोले कक्षा ६ मा अध्ययनरत नेपाली दोस्रोभाषी विद्यार्थीहरूको अदृष्टांश उद्धरणको श्रुतिबोध क्षमता कमजोर रहेको छ । समग्र मानक विचलन ५.६८ रहेकोले समूहगत रूपमा अदृष्टांश श्रुतिबोध क्षमतामा एकरूपता पाउन सकिन्छ ।

# अध्याय पा“च

# तुलनात्मक विश्लेषण

प्रस्तुत अध्ययन कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमताको छुट्टाछुट्टै समूहमा विश्लेषण गरी समूहगत रूपमा निजी तथा सार्वजनिक विद्यालय, छात्र तथा छात्रा, दृष्टांश उद्धरण तथा अदृष्टांश उद्धरण, नेपाली मातृभाषी तथा नेपाली दोस्रोभाषी र गाउँ तथा सहरका विद्यार्थीहरूको तुलनात्मक रूपमा विश्लेषण गरिएको छ । विश्लेषणात्मक अध्ययनमा मध्यमान र मानक विचलनको प्रयोग गरिएको छ भने तुलनात्मक विश्लेषण गर्न श परीक्षणलाई उपयोगमा ल्याइएको छ । दुई समूहका आधारमा श परिक्षण गरी प्राप्त श को मानलाई ०.०५ तलको सार्थकतामा रहेको तालिकाको मानसँग तुलना गरिएको छ । समूहगत तुलनाबाट प्राप्त भएको श को मान तालिकामा भएको श को मानभन्दा बढी भएमा दुई समूहबीच असमान भएको मानिन्छ र प्राप्त श को मान तालिकाको मानभन्दा कम भएमा दुई समूहबीच समानता हुन्छ भन्ने आधारमा तुलनात्मक विश्लेषण गरिएको छ । तुलनात्मक समूहलाई निम्नानुसार विश्लेषण गरिएको छ ।

## ५.१ श्रुतिबोध क्षमतामा विभिन्न समूहबीच तुलनात्मक स्थिति

### ५.१.१ विद्यालय प्रकृतिका आधारमा सार्वजनिक र निजी विद्यालयबीच तुलना

| समूह | सङ्ख्या | मध्यमान | मानक विचलन | समग्र मध्यमान | समग्र मानक विचलन | ुशु मान |
|---|---|---|---|---|---|---|
| सार्वजनिक | ७२ | ३०.९७ | १३.०८ | ३२.७८ | ९.११ | ३.८८ |
| निजी | ६८ | २१.९१ | १४.४७ | | | |

माथिको तालिकामा विद्यालय प्रकृतिका आधारमा सार्वजनिक विद्यालयतर्फ ७२ जना र निजी विद्यालयतर्फ ६८ जना विद्यार्थीहरू रहेका छन् । समूहगत रूपमा सार्वजनिक विद्यालयका विद्यार्थीहरूको मध्यमान ३०.९७ र निजी विद्यालयतर्फ २१.७८

छ । त्यस्तै सार्वजनिक विद्यालयको मानक विचलन १३.०८ र निजी विद्यालयको मानक विचलन १४.४७ रहेको छ भने समग्र मानक विचलन ९.११ छ ।

समग्र मध्यमान ३२.७८ आधारमा सार्वजनिक विद्यालयको मध्यमान १०.८७ले कम र निजी विद्यालयको मध्यमान १.८१ ले कम हुनुले विद्यालय प्रकृतिका आधारमा समग्र विद्यार्थीहरूको श्रुतिबोध क्षमता कमजोर रहेको पाइन्छ । सार्वजनिक विद्यालय र निजी विद्यालयको मध्यमानमा सार्वजनिक विद्यालयको मध्यमान निजी विद्यालयको मध्यमानभन्दा ९.०७ ले बढी भएकोले निजी विद्यालयको तुलनामा सार्वजनिक विद्यालयका विद्यार्थीहरूको श्रुतिबोध क्षमता सन्तोषजनक रहेको छ । समग्र मानक विचलन ९.११ लाई आधार मान्दा सार्वजनिक तथा निजी दुवैतर्फका विद्यार्थीहरूको मानक विचलन समग्र मानक विचलनभन्दा बढी देखिन्छ । समूहगत रूपमा निजी विद्यालयको मानक विचलन सार्वजनिक विद्यालयको मानक विचलनभन्दा १.३९ ले बढी भएकोले निजी विद्यालयको तुलनामा सार्वजनिक विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क वितरणमा एकरूपता पाउन सकिन्छ । निजी विद्यालय र सार्वजनिक विद्यालयको अन्तर श परिक्षणबाट प्राप्त मान (३.८८) लाई सार्थकताको तह ०.०५ को आधारमा तालिकाको श को मान (१.१९६) सँग तुलना गर्दा प्राप्त मान (१.९२) तालिकाको मानभन्दा बढी भएकोले सार्वजनिक विद्यालय र निजी विद्यालयका विद्यार्थीको श्रुतिबोध क्षमतामा सार्थक अन्तर रहेको छ । प्राक्कल्पनामा दुई समूहबीच सार्थक अन्तर छैन भन्ने भनाइ गलत सावित भएको छ ।

### ५.१.२ श्रुतिबोध क्षमतामा स्थानीयताका आधारमा गाउ“ र सहरबीच तुलना

| समूह | सङ्ख्या | मध्यमान | मानक विचलन | समग्र मध्यमान | समग्र मानक विचलन | ुशु मान |
|---|---|---|---|---|---|---|
| गाउँ | ५६ | २८.९२ | १३.७१ | ३२.७८ | ९.११ | २.२७ |
| सहर | ८४ | २८.४५ | ९.०६ | | | |

प्रस्तुत तालिकामा स्थानीयताका आधारमा गाउँतर्फ ५६ जना र सहरतर्फ ८४ जना विद्यार्थीहरू रहेका छन् । समग्र मध्यमान र मानक विचलन क्रमशः ३२.७८ र ९.११ रहेका छन् । गाउँतर्फको मध्यमान २८.९२ र मानक विचलन १३.७१ रहेको छ । त्यस्तै सहरतर्फ मध्यमान २८.४५ र मानक विचलन ९.०६ रहेको छ ।

समग्र मध्यमान ३२.७८ रहेको छ । गाउँका विद्यार्थीको मध्यमान र सहरका विद्यार्थीको मध्यमान अन्तर ०.४७ रहनुले श्रुतिबोध क्षमतामा खासै अन्तर नरहेपनि गाउँका विद्यार्थीको मध्यमान सहरका विद्यार्थीको मध्यमानभन्दा बढी भएबाट गाउँका विद्यार्थीहरूको श्रुतिबोध क्षमता उच्च देखिन्छ । गाउँका विद्यार्थीहरूको मानक विचलन सहरका विद्यार्थीहरूको मानक विचलनभन्दा ४.६५ बढी भएकोले गाउँका विद्यार्थीहरूको भन्दा सहरका विद्यार्थीहरूको प्राप्ताङ्कको वितरणमा एकरूपता पाउन सकिन्छ । यी दुई समूहबीच अन्तर केलाउँदा श परीक्षणबाट प्राप्त श को मान तालिकाको ०.०५ सार्थकता तहको श को मानभन्दा ०.१३ ले बढी भएकोले गाउँका विद्यार्थीहरू र सहरका विद्यार्थीहरूको श्रुतिबोध क्षमतामा सार्थक अन्तर रहेको पुष्टि भएकोले प्राक्कल्पनामा गाउँ र सहरका विद्यार्थीहरूको श्रुतिबोध क्षमतामा सार्थक अन्तर छैन भन्ने भनाइ गलत सावित भएको छ ।

## ५.१.३ श्रुतिबोध क्षमतामा लैिङ्गक आधारमा छात्र र छात्राबीच तुलना

| समूह | सङ्ख्या | मध्यमान | मानक विचलन | समग्र मध्यमान | समग्र मानक विचलन | ुशु मान |
|---|---|---|---|---|---|---|
| छात्र | ७० | २५.५७ | १३.६१ | ३२.७८ | ९.११ | ०.३८ |
| छात्रा | ७० | २६.४२ | १२.४५ | | | |

माथिको तालिकामा लैङ्गिक आधारमा छात्र ७० जना र छात्रा ७० जना रहेका छन् । छात्रको मध्यमान २५.५७ र मानक विचलन १३.६१ रहेको छ । छात्राको मध्यमान २६.४२ र मानक विचलन १२.४५ छ । समग्र मध्यमान ३२.७८ र मानक विचलन ९.११ देखिन्छ ।

छात्राको मध्यमान छात्रको मध्यमानभन्दा ०.८५ ले बढी भएकोले छात्राहरूको श्रुतिबोध क्षमता छात्रहरूको श्रुतिबोध क्षमता भन्दा उच्च रहेको देखिन्छ । समग्र मानक विचलनलाई आधार मान्दा छात्रको मानक विचलन ४.५० ले बढी र छात्रको मानक विचलन ३.३४ ले बढी रहेको देखिन्छ । छात्र र छात्राको मानक विचलनमा छात्रको मानक विचलन छात्राको भन्दा १.१६ बढी भएकोले छात्रको प्राप्ताङ्क वितरणभन्दा छात्राको प्राप्ताङ्क वितरणमा एकरूपता पाउन सकिन्छ । छात्र र छात्राको श्रुतिबोध क्षमताको तुलनामा श परिक्षणबाट प्राप्त श को मान (०.३८) तालिकामा भएको मान (१.१९६) भन्दा ०.८१ कम भएकोले छात्र र छात्राको श्रुतिबोध क्षमतामा सार्थक अन्तर पाइदैन । प्राक्कल्पनामा राखिएको छात्र र छात्राको श्रुतिबोध क्षमतामा सार्थक अन्तर छैन भन्ने भनाइ सत्य सावित भएको छ ।

### ५.१.४ श्रुतिबोध क्षमतामा भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली दोस्रोभाषीबीच तुलना

| समूह | सङ्ख्या | मध्यमान | मानक विचलन | समग्र मध्यमान | समग्र मानक विचलन | शु मान |
|---|---|---|---|---|---|---|
| नेपाली मातृभाषी | ७७ | ३१.७५ | १३.३३ | ३२.३३ | ९.११ | २.२९ |
| नेपाली दोस्रोभाषी | ६३ | २६.७४ | १२.५४ | | | |

माथिको तालिकामा नेपाली मातृभाषी ७७ जना र नेपाली दोस्रोभाषी ६३ जना विद्यार्थीहरू रहेका छन् । समग्र विद्यार्थीहरूको मध्यमान ३२.७८ र मानक विचलन १३.३३ रहेको छ । नेपाली दोस्रोभाषी विद्यार्थीहरूको मध्यमान ६.०४ ले कम रहेको छ । समूहगत मध्यमानका आधारमा नेपाली मातृभाषी विद्यार्थीहरूको मध्यमानभन्दा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको मध्यमान ५.०१ ले कम भएकोले नेपाली मातृभाषी विद्यार्थीभन्दा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिबोध क्षमता कमजोर रहेको पाइन्छ । नेपाली मातृभाषी विद्यार्थीहरूको मानक विचलनभन्दा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको मानक विचलन ०.७९ ले कम भएकोले विद्यार्थीहरूको प्राप्ताङ्क

वितरणको एकरूपता दोस्रोभाषी विद्यार्थीहरूमा पाइन्छ । नेपाली मातृभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको तुलनात्मक विश्लेषणको लागि श परीक्षणबाट प्राप्त मान (२.२९) लाई ०.०५ सार्थकता तहका आधारमा तालिकामा दिएको मानसँग तुलना गर्दा परीक्षणबाट प्राप्त मान तालिकाको मानभन्दा १.०९ ले बढी भएकोले नेपाली मातृभाषी विद्यार्थीहरूको श्रुतिबोध क्षमता र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिबोध क्षमतामा सार्थक अन्तर पाइन्छ । श परीक्षणबाट प्राप्त मानको विश्लेषणका आधारमा प्राक्कल्पनामा दुई समूहबीच सार्थक अन्तर छैन भन्ने भनाई गलत सावित भएको छ ।

### ५.१.५ श्रुतिबोध क्षमतामा उद्धरणका आधारमा दृष्टांश उद्धरण र अदृष्टांश उद्धरणबीच तुलना

| उद्धरण | सङ्ख्या | मध्यमान | मानक विचलन | समग्र मध्यमान | समग्र मानक विचलन | शु मान |
|---|---|---|---|---|---|---|
| दृष्टांश उद्धरण | १४० | १६.४२ | ४.८६ | ३२.७८ | ९.११ | ३.७२ |
| अदृष्टांश उद्धरण | १४० | १४.११ | ५.६८ | | | |

प्रस्तुत तालिकामा दृष्टांश उद्धरण र अदृष्टांश उद्धरणमा १४० जना विद्यार्थीहरू समावेश छन् । समग्र मध्यमान ३२.७८ र मानक विचलन ९.११ रहेको छ । दृष्टांश उद्धरणको मध्यमान १६.४२ र मानक विचलन ४.८६ रहेको छ । अदृष्टांश उद्धरणको मध्यमान १४.११ र मानक विचलन ५.६८ छ ।

समूहगत मध्यमानका आधारमा दृष्टांश उद्धरणको मध्यमान अदृष्टांश उद्धरणको मध्यमानभन्दा २.३१ बढी रहेकोले समग्र विद्यार्थीहरू अदृष्टांश उद्धरणको श्रुतिबोध क्षमतामा कमजोर रहेको पाइन्छ । समग्र मानक विचलन ९.११ भन्दा दृष्टांश उद्धरणको मानक विचलन ४.२५ ले कम र अदृष्टांश उद्धरणको मानक विचलन ३.४३ ले कम रहेको छ । समूहगत मानक विचलनको तुलना गर्दा दृष्टांश उद्धरणको मानक विचलनभन्दा अदृष्टांश उद्धरणको मानक विचलन ०.८२ ले बढी भएकोले दृष्टांश उद्धरणमा विद्यार्थीहरूको प्राप्ताङ्कमा एकरूपता पाइन्छ । दृष्टांश उद्धरण र अदृष्टांश

उद्धरणको तुलनात्मक विश्लेषणमा श परीक्षणबाट प्राप्त श को मान (३.७२) र ०.०५ सार्थकता तहको तालिकामा रहेको मान (१.१९६) लाई तुलना गर्दा श परीक्षणबाट प्राप्त २.५२ ले बढी भएकोले दृष्टांश उद्धरण र अदृष्टांश उद्धरणको विद्यार्थीहरूको श्रुतिबोध क्षमतामा सार्थक अन्तर रहेको छ । प्राक्कल्पनामा दुई उद्धरणबीच सार्थक अन्तर छैन भन्ने भनाई असत्य ठहरिएको छ ।

# अध्याय छ
# निष्कर्ष तथा सुझावहरू

अनुसन्धानमा व्याख्याबाट निकालिएको निर्णयको निचोडलाई निष्कर्षको रूपमा लिइन्छ । अध्ययनको उद्देश्यसँग एकता र अन्तरसम्बन्ध कायम गर्नको लागि निष्कर्षले महत्त्वपूर्ण भूमिका खेल्छ । अध्ययनका क्रममा काठमाडौं जिल्लाका ६ वटा विद्यालयका कक्षा ६ मा अध्ययनरत १४० जना विद्यार्थीहरूको पाठ्यसामग्री श्रुति गराइ प्रश्नावलीका माध्यमबाट श्रुतिबोध क्षमता अध्ययन गरियो । अध्ययनमा प्राप्त तथ्य सङ्कलनबाट तथ्याङ्कको विश्लेषण गरियो । व्याख्या र तुलनात्मक विश्लेषणबाट पाइएका तथ्यहरूको निष्कर्ष र आवश्यक सुझावहरू तल प्रस्तुत गरिएको छ ।

## ६.१ निष्कर्षहरू

समग्र विद्यार्थीहरूको श्रुतिबोध क्षमतालाई प्रतिशतमा गणना गर्दा न्यूनतम ४० प्रतिशत र उच्चतम ७० प्रतिशतभन्दा माथि श्रेणीमा ६० प्रतिशतलाई केन्द्रविन्दु मानी विश्लेषण गर्दा ६० प्रतिशतभन्दा माथि ५६.४२ प्रतिशत र ६० प्रतिशतभन्दा तल ४३.५७ प्रतिशत रहेका छन् । बहुसङ्ख्यक विद्यार्थीहरू ६० प्रतिशतभन्दा माथि र अल्पसङ्ख्यक विद्यार्थीहरू ६० प्रतिशतभन्दा तल रहेबाट कक्षा ६ मा अध्ययनरत समग्र विद्यार्थीहरूको प्रतिशतका आधारमा श्रुतिबोध क्षमता सन्तोषजनक रहेको पाइन्छ ।

समग्र विद्यार्थीहरूको मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरू मध्यमानभन्दा तल ५७.८५ रहेकोले समग्र मध्यमानलाई केन्द्रविन्दु मान्दा कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमता कमजोर रहेको पाइन्छ । समग्र तथ्याङ्कबाट प्राप्त मानक विचलनलाई नियाल्दा मानक विचलन ९.११ रहनुले कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमताको प्राप्ताङ्क वितरणमा एकरूपता पाउन सकिन्छ ।

विद्यालय प्रकृतिका आधारमा समग्र मध्यमानलाई आधार मान्दा निजी विद्यालयका विद्यार्थीको श्रुतिबोध क्षमता मध्यमानभन्दा माथि ४४.११ प्रतिशत र

मध्यमानभन्दा तल ५५.८८ प्रतिशत रहनुले निजी विद्यालयका विद्यार्थीहरूको श्रुतिबोध क्षमता समग्र मध्यमानका आधारमा कमजोर रहेको छ । सार्वजनिक विद्यालयका विद्यार्थीहरूको मध्यमानभन्दा माथि ६१.११ प्रतिशत र मध्यमानभन्दा तल ३८.८८ रहनुले सार्वजनिक विद्यालयका विद्यार्थीहरूको श्रुतिबोध क्षमता सन्तोषजनक रहेको छ । निजी र सार्वजनिक विद्यालयको तुलनात्मक रूपमा निजी विद्यालयका विद्यार्थीहरूको श्रुतिबोध क्षमताभन्दा सार्वजनिक विद्यायलका विद्यार्थीहरूको श्रुतिबोध क्षमता उच्च रहेको छ ।

स्थानीयताका आधारमा समग्र मध्यमानलाई केन्द्र मान्दा गाउँका विद्यार्थीहरूको मध्यमानभन्दा माथि ५७.१४ प्रतिशत र मध्यमानभन्दा तल ४२.८५ प्रतिशत रहनुले गाउँका विद्यार्थीहरूको श्रुतिबोध क्षमता उच्च रहेको छ । त्यस्तै सहरका विद्यार्थीहरूको मध्यमानभन्दा माथि ४०.४७ र मध्यमानभन्दा तल ५९.५२ रहनुले केही कमजोर देखिएपनि गाउँ र सहरका विद्यार्थीहरूको तुलना गर्दा दुवैको मध्यमानमा खासै अन्तर नभएकोले दुवैको श्रुतिबोध क्षमतामा समान भएपनि गाउँका विद्यार्थीहरूको श्रुतिबोध क्षमता राम्रो देखिन्छ ।

लैङ्गिक आधारमा समग्र मध्यमानलाई केन्द्र मान्दा छात्रको श्रुतिबोध क्षमता मध्यमानभन्दा माथि ४० प्रतिशत र मध्यमानभन्दा तल ६० प्रतिशत रहेकोले समग्र मध्यमानका आधारमा कक्षा ६ मा अध्ययनरत छात्रको श्रुतिबोध क्षमता कमजोर रहेको पाइन्छ । छात्राको श्रुतिबोध क्षमता मध्यमानभन्दा माथि ५७.१४ प्रतिशत र मध्यमानभन्दा तल ४४.१५ प्रतिशत रहेकोले मध्यमानसँग तुलना गर्दा कक्षा ६ मा अध्ययनरत छात्राहरूको श्रुतिबोध क्षमता सन्तोषजनक रहेको पाउन सकिन्छ । छात्र र छात्राको श्रुतिबोध क्षमता तुलना गर्दा छात्रको श्रुतिबोध क्षमताभन्दा छात्राको श्रुतिबोध क्षमता उच्च रहेको पाइन्छ ।

भाषिक पृष्ठभूमिका आधारमा समग्र मध्यमानलाई केन्द्र मान्दा नेपाली मातृभाषी विद्यार्थीहरूको श्रुतिबोध क्षमता मध्यमानभन्दा माथि ५५.८५ प्रतिशत र

मध्यमानभन्दा तल ४४.१५ प्रतिशत रहेकोले कक्षा ६ मा अध्ययनरत नेपाली मातृभाषी विद्यार्थीहरूको श्रुतिबोध क्षमता सन्तोषजनक पाइन्छ । नेपाली दोस्रोभाषी विद्यार्थीहरुको श्रुतिबोध क्षमता मध्यमानभन्दा माथि ३३.३३ प्रतिशत र मध्यमानभन्दा तल ६६.६६ प्रतिशत रहनुले कक्षा ६ मा अध्ययनरत नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिबोध क्षमता अति कमजोर पाउन सकिन्छ । नेपाली मातृभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिबोध क्षमताको तुलना गर्दा नेपाली मातृभाषी विद्यार्थीहरूको श्रुतिबोध क्षमता उच्च रहेको छ ।

प्रतिशतका आधारमा विद्यार्थीहरूको दृष्टांश श्रुतिबोध क्षमतालाई पाँच श्रेणीमा विभाजन गर्दा न्यूनतम ४० प्रतिशतभन्दा कम र उच्चतम् ७० प्रतिशतभन्दा माथि निर्धारण गरिएको थियो । ६० प्रतिशतलाई केन्द्रविन्दु मान्दा ६० प्रतिशतभन्दा कम ४०.७१ प्रतिशत र ६० प्रतिशतभन्दा माथि ५९.२८ प्रतिशत रहेकोले कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको प्रतिशतका आधारमा दृष्टांश उद्धरणको श्रुतिबोध क्षमता उच्च रहेको छ ।

मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको दृष्टांश श्रुतिबोध क्षमतामा दृष्टांश उद्धरणको मध्यमानलाई केन्द्रविन्दु मान्दा मध्यमानभन्दा माथि ४४.२८ प्रतिशत र मध्यमानभन्दा तल ५५.७१ प्रतिशत भएकोले कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको दृष्टांश मध्यमानको आधारमा दृष्टांश उद्धरणको श्रुतिबोध क्षमता कमजोर पाइन्छ । मानक विचलन ४.८६ रहनुले विद्यार्थीहरूको प्राप्ताङ्क वितरणमा एकरूपता पाइन्छ ।

प्रतिशतका आधारमा विद्यार्थीहरूको अदृष्टांश उद्धरणको श्रुतिबोध क्षमतालाई पाँच श्रेणीमा विभाजन गरिएको छ । ४० प्रतिशतभन्दा कम न्यूनतम श्रेणी र उच्चतम श्रेणी ७० प्रतिशतभन्दा माथि छ । ६० प्रतिशतलाई केन्द्र मान्दा ४७.७१ प्रतिशत केन्द्रभन्दा माथि र ५२.८४ प्रतिशत केन्द्रभन्दा तल भएकोले कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको अदृष्टांश उद्धरणको श्रुतिबोध क्षमता कमजोर देखिन्छ ।

मध्यमान र मानक विचलनका आधारमा अदृष्टांश श्रुतिबोध क्षमतामा अदृष्टांश मध्यमानलाई केन्द्र मान्दा मध्यमानभन्दा माथि ४७.१४ प्रतिशत र मध्यमानभन्दा तल ५२.८५ प्रतिशत भएकोले कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको मध्यमानका आधारमा अदृष्टांश एद्धरणको श्रुतिबोध क्षमता कमजोर पाउन सकिन्छ । मानक विचलन ५.६८ रहेकोले प्राप्ताङ्कको वितरणमा एकरूपता पाउन सकिन्छ ।

मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको समूहगत दृष्टांश श्रुतिबोध क्षमतामा दृष्टांश उद्धरणको मध्यमानलाई आधार मानी विश्लेषण गर्दा विद्यालय प्रकृतिका आधारमा निजी विद्यालयका विद्यार्थीहरूको श्रुतिबोध क्षमता मध्यमानभन्दा माथि ४५.५८ प्रतिशत र मध्यमानभन्दा तल ५४.४१ प्रतिशत भएकोले निजी विद्यालयको विद्यार्थीहरूको दृष्टांश उद्धरणको श्रुतिबोध क्षमता कमजोर रहेको छ । सार्वजनिक विद्यालयको ५८.३३ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ४१.६६ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहनुले सार्वजनिक विद्यालयको दृष्टांश उद्धरणको श्रुतिबोध क्षमता सन्तोषजनक पाइन्छ । दृष्टांश उद्धरणको श्रुतिबोध क्षमतामा निजी र सार्वजनिक विद्यालयको तुलना गर्दा सार्वजनिक विद्यालयको विद्यार्थीहरूको दृष्टांश उद्धरणको श्रुतिबोध क्षमता उच्च रहेको छ ।

समग्र दृष्टांश उद्धरणको मध्यमानलाई केन्द्रविन्दु बनाइ स्थानीयताका आधारमा गाउँका विद्यार्थीहरूको श्रुतिबोध क्षमता मध्यमानभन्दा माथि ४१.०७ प्रतिशत र मध्यमानभन्दा तल ५८.९२ प्रतिशत रहनुले दृष्टांश उद्धरणमा गाउँका विद्यार्थीहरूको श्रुतिबोध क्षमता कमजोर रहेको छ । सहरका ५२.३८ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ४२.६१ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेकोले दृष्टांश उद्धरणको श्रुतिबोध क्षमता सहरका विद्यालयका विद्यार्थीहरूको सन्तोषजनक रहेको छ । गाउँ र सहरलाई तुलना गर्दा दृष्टांश उद्धरणको श्रुतिबोध क्षमता सहरका विद्यार्थीको उच्च रहेको छ ।

समग्र दृष्टांशको मध्यमानलाई आधार मान्दा लैङ्गिक रूपले ४० प्रतिशत छात्र मध्यमानभन्दा माथि र ६० प्रतिशत मध्यमानभन्दा तल रहेकोले दृष्टांश उद्धरणको

छात्रको श्रुतिबोध क्षमता अति कमजोर रहेको छ । त्यस्तै ५७.१४ प्रतिशत छात्रा मध्यमानभन्दा माथि र ४२.८५ प्रतिशत छात्रा मध्यमानभन्दा तल रहेकोले दृष्टांश उद्धरणको छात्रहरूभन्दा छात्राहरूको श्रुतिबोध क्षमता राम्रो छ ।

दृष्टांश उद्धरणको मध्यमानलाई केन्द्रविन्दु बनाउँदा भाषिक पृष्ठभूमिका आधारमा ५५.८५ प्रतिशत नेपाली मातृभाषी विद्यार्थी मध्यमानभन्दा माथि र ४४.१५ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेकोले दृष्टांश उद्धरणको श्रुतिबोधमा नेपाली मातृभाषी विद्यार्थीहरूको श्रुतिबोध क्षमता सन्तोषजनक रहेको छ । नेपाली दोस्रोभाषी ३३.३३ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ६६.६६ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेबाट दृष्टांश उद्धरणको श्रुतिबोधमा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिबोध क्षमता चिन्ताजनक स्थितिमा रहेको छ । तुलनात्मक रूपमा नेपाली दोस्रोभाषी विद्यार्थीको श्रुतिबोध क्षमताभन्दा नेपाली मातृभाषी विद्यार्थीहरूको श्रुतिबोध क्षमता उच्च रहेको छ ।

समग्र अदृष्टांश उद्धरणको मध्यमानलाई आधार बनाउदा विद्यालय प्रकृतिका आधारमा निजी विद्यालयतर्फ ६१.७६ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ३८.२३ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल भएकोले अदृष्टांश उद्धरणको श्रुतिबोधमा निजी विद्यालयका विद्यार्थीहरूको श्रुतिबोध क्षमता सन्तोषजनक रहेको छ । सार्वजनिक विद्यालयका ६२.५ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ३७.५ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेकोले अदृष्टांश श्रुतिबोधमा सार्वजनिक विद्यालयका विद्यार्थीहरूको श्रुतिबोध क्षमता सन्तोषजनक रहेको छ ।

समग्रमा अदृष्टांश उद्धरणको मध्यमानलाई आधार बनाउँदा स्थानीयताका आधारमा गाउतर्फ ३९.२८ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ६०.७१ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेकोले गाउँका विद्यार्थीहरूको अदृष्टांश उद्धरणको श्रुतिबोध क्षमता कमजोर रहेको छ । सहरतर्फ ५५.९५ प्रतिशत विद्यार्थी मध्यमानभन्दा

माथि र ४४.०४ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेकोले सहरका विद्यार्थीहरूको अदृष्टांश उद्धरणको श्रुतिबोध क्षमता सन्तोषजनक पाइन्छ ।

अदृष्टांश उद्धरणको मध्यमानका आधारमा छात्रतर्फ ४५.७१ प्रतिशत मध्यमानभन्दा माथि र ५४.७१ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेकोले छात्रको अदृष्टांश उद्धरणको श्रुतिबोध क्षमता कमजोर रहेको छ । छात्रातर्फ ५२.८५ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ४७.१४ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहनुले छात्राहरूको अदृष्टांश उद्धरणको श्रुतिबोध क्षमता सन्तोषजनक रहेको छ ।

समग्र अदृष्टांश उद्धरणको मध्यमानको आधारमा नेपाली मातृभाषी विद्यार्थीहरू ६१.०३ प्रतिशत मध्यमानभन्दा माथि र ३८.९६ प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा तल रहेकोले नेपाली मातृभाषी विद्यार्थीहरूको अदृष्टांश उद्धरणको श्रुतिबोध क्षमता सन्तोषजनक रहेको छ । नेपाली दोस्रोभाषी विद्यार्थीहरूमा ४२.८५ प्रतिशत विद्यार्थी मध्यमानभन्दा माथि र ५७.१४ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तल रहेकोले नेपाली दोस्रोभाषी विद्यार्थीको अदृष्टांश उद्धरणको श्रुतिबोध क्षमता कमजोर रहेको छ ।

समग्र श्रुतिबोध क्षमतामा विद्यालय प्रकृतिका आधारमा निजी विद्यालय र सार्वजनिक विद्यालयका विद्यार्थीहरूको श्रुतिबोध क्षमतामा सार्थक अन्तर पाइन्छ । ०.०५ सार्थकताको तहमा भएको श को मानभन्दा परीक्षणबाट प्राप्त श को मान बढी भएकोले सार्थक अन्तरको पुष्टि भएको छ ।

समग्र श्रुतिबोध क्षमतामा स्थानीयताका आधारमा गाउँ र सहरका विद्यार्थीहरूको श्रुतिबोध क्षमतामा सार्थक अन्तर पाइदैन । श को मान ०.०५ सार्थक तहभन्दा तल रहेबाट यो पुष्टि भएको छ ।

श्रुतिबोध क्षमतामा लैङ्गिक आधारमा छात्र र छात्राको श्रुतिबोध क्षमताको सार्थक अन्तर पाइदैन । श को मान०.०५ सार्थकता तहभन्दा कम भएकोले यसलाई प्रमाणित गरेको छ ।

श्रुतिबोध क्षमतामा भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिबोध क्षमतामा सार्थक अन्तर रहेको छ । ०.०५ सार्थकता तहभन्दा श को मान बढी भएकोले यो पुष्टि भएको छ ।

श्रुतिबोध क्षमतामा उद्धरणका आधारमा दृष्टांश उद्धरण र अदृष्टांश उद्धरणबीच सार्थक अन्तर पाइन्छ । ०.०५ सार्थककता तहभन्दा श को मान बढी भएकोले दुई समूहको सार्थक अन्तर भएको प्रमाणित हुन्छ ।

## ६.२ सुझावहरू

(क) सार्वजनिक विद्यालयका विद्यार्थीहरूको भन्दा निजी विद्यालयका विद्यार्थीहरूको श्रुतिबोध क्षमता कमजोर हुनुमा अधिकांश निजी विद्यालयमा शिक्षण क्रियकलापमा नेपाली भाषालाई भन्दा अङ्ग्रेजी भाषालाई जोड दिनु हो । अङ्ग्रेजी भाषाको चेपुवामा परी नेपाली भाषामा विद्यार्थीहरू कमजोर भएका हुन् । नेपाली भाषाको अध्यापन अवधिभर नेपाली भाषाको वातावरण निर्माण गरी शिक्षण गरिनुपर्छ साथै विद्यार्थीहरूको घोक्ने प्रवृत्तिलाई निरुत्साहित गरी सुनेर बुझ्ने क्षमतामा जोड दिनुपर्छ ।

(ख) लैङ्गिक आधारमा श्रुतिबोधमा छात्राको भन्दा छात्रको श्रुतिबोध क्षमता कमजोर हुनुमा नेपाली विषयलाई सजिलो रूपमा लिने प्रवृत्तिले छात्रले कम ध्यान दिएको पाइन्छ । यो परिस्थितिबाट मुक्त पाउन रोचक, ज्ञानबर्द्धक सामग्रीको प्रयोग गरी शिक्षण गराउनु आवश्यक देखिन्छ ।

(ग) अधिकांश विद्यालयका शिक्षण क्रियाकलापमा व्याख्यान विधिमा जोड दिने भएकोले लगातार व्याख्याबाट विद्यार्थीहरू थकित हुने गर्दछन् । व्याख्यान सँगसँगै अङ्गपरिचालन, हाउभाउ जस्ता क्रियाकलापकासाथ श्रुतिबोध गराउनुपर्छ ।

(घ) भाषिक पृष्ठभूमिका आधारमा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको श्रुतिबोध क्षमतामा अति कमजोर रहनुको कारण एउटै समूहमा स्तर र पाठ्यसामग्रीको ख्याल नगरी शिक्षण गरिनु हो । त्यसैले दोस्रोभाषी विद्यार्थीहरूलाई भाषिक

पृष्ठभूमि तथा स्तरअनुसार छुट्टाछुट्टै समूह बनाइ शिक्षण गरेमा आशातीत श्रुतिबोध गराउन सकिन्छ ।

(ङ) दृष्टांश र अदृष्टांश श्रुतिबोध क्षमतामा अदृष्टांश उद्धरणको श्रुतिबोध क्षमता कमजोर रहेको पाइयो । विद्यार्थीहरूलाई श्रुतिबोध क्षमताको विकास गर्न सन्दर्भ पुस्तक तथा पत्रपत्रिका साथै बालकसँग सम्बन्धित बालपत्रिका पनि उपलब्ध गराइ वाचनका माध्यमबाट श्रुति गराउनु पर्छ ।

(च) विद्यालयहरूमा आवश्यक श्रव्य उपकरण र श्रव्य पाठ्यसामग्रीको अभाव पाइएकाले श्रुतिबोधलाई पनि समय छुट्टाई रेकर्ड गरिएको पाठ्यसामग्री श्रवण गराउनुपर्छ ।

(छ) निजी विद्यालयमा लेखन अभिव्यक्तिलाई मात्र जोड दिने भएकोले श्रुति क्रियाकलापमा विद्यार्थीहरू कमजोर रहेको पाइन्छ । त्यसैले शिक्षकले वाचन गरेको पाठ्यसामग्री ध्यानपूर्वक सुनेर बुझ्न प्रोत्साहन गर्नुपर्छ ।

(ज) विद्यालयतहका पाठ्यपुस्तकहरूमा अभ्यासात्मक क्रियाकलापमा ‘सुनेर गर’ जस्ता अभ्यास राखिनुपर्छ ।

(झ) विद्यालय तहको नेपाली विषयको पाठ्यपुस्तकमा मूल्याङ्कन प्रणालीमा श्रुतिबोधको क्षेत्रमा व्यापकता दिनुपर्छ ।

(ञ) विद्यार्थीहरूको भाषिक सीपको आधारभूत तह श्रुतिबोध भएकोले यसको पाठ्यसामग्री चयन गर्दा क्षेत्र, लिङ्ग, भाषा, स्थानीयता, उमेर, कक्षा, तह आदि विविध पक्षलाई समेटी छनोट गर्नुपर्छ ।

(ट) श्रुतिबोध क्षमता विकास गर्न श्रवणको अवधिभर अनुकुल वातावरण सिर्जना गर्नुपर्छ, जसको कारणले विद्यार्थीहरूले सजिलै श्रुतिबोध गर्न सक्तछन् । विद्यालयमा पनि उचित वातावरण तयार गर्न शिक्षकहरूले जोड दिनुपर्छ ।

(ठ) विद्यालयहरूमा श्रुतिबोध क्रियाकलापलाई बेवस्ता गरेको पाइयो । नेपाली भाषाका शिक्षकहरू नै श्रुतिबोधको महत्त्वप्रति अनभिज्ञ भएकोले श्रुतिबोध

कमजोर भएको देखिन्छ । त्यसैले नेपाली विषयका शिक्षकलाई तालिम तथा पुनर्ताजकीय तालिम दिनुपर्छ ।

(ड) देशभरका विद्यालयहरूमा परीक्षा प्रणालीमा भएका असमानता हटाई एकरूपताका लागि महत्त्वपूर्ण कदम चाल्नुपर्छ ।

(ढ) विद्यालय तहको मूल्याङ्कन प्रणालीमा श्रुतिबोधको अङ्कभार र पाठ्यसामग्री स्पष्ट तोकी अनिवार्य कार्यान्वयन गर्न जोड दिनुपर्छ ।

(ण) श्रुतिबोधको क्षमतालाई विकास गर्न विद्यार्थीहरूलाई पालैपालो गरी वाचन गर्न लगाएर एक अर्कामा श्रुति गराएर अभ्यासात्मक क्रियाकलाप गराउनुपर्छ ।

## ६.३ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

(क) माध्यमिक तह पूरा गरेका विद्यार्थीहरूको श्रुतिबोध क्षमताको अध्ययन ।

(ख) कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध र पठनबोध क्षमताको तुलनात्मक अध्ययन ।

(ग) नि. मा. वि. तहका विद्यार्थीहरूको दृष्टांश पाठ्यसामग्रीको श्रुतिबोध क्षमताको अध्ययन ।

(घ) कक्षा ३ पूरा गरेका विद्यार्थीहरूको श्रुतिबोध क्षमताको अध्ययन ।

(ङ) श्रुतिबोध शिक्षण गर्न अपनाइने शिक्षण विधिहरूको अध्ययन ।

(च) श्रव्य उपकरणको प्रयोग गरी कक्षा २ पूरा गरेका विद्यार्थीहरूको श्रुतिबोध क्षमताको अध्ययन ।

(छ) श्रुतिबोध क्षमतामा प्रभाव पार्ने आन्तरिक र बाह्य प्रभावको अध्ययन

# सन्दर्भग्रन्थ सूची


अधिकारी, हेमाङ्गराज (२०५३), भाषाशिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

))))))), (२०५३ ते.सं), नेपाली भाषा शिक्षण, काठमाडौं : कुन्जल प्रकाशन ।

))))))), (२०५९), सामाजिक र प्रायोगिक भाषाविज्ञान, काठमाडौं : रत्न पुस्तक भण्डार ।

अधिकारी, विष्णुप्रसाद (२०६०), निम्नमाध्यमिक तह अध्यापन अनुमति पत्र, काठमाडौं : आशिष पुस्तक भण्डार ।

अवस्थी, महादेव र पारसमणि भण्डारी (२०५९), सरल नेपाली व्याकरण र रचना ( कक्षा ९ र १०), काठमाडौं : एकता बुक्स ।

उपाध्याय, गुरुप्रसाद (२०६०), कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन, अप्र. स्नातकोत्तर शोधपत्र, ने.भा.शि.वि., त्रि.वि. कीर्तिपुर ।

ओझा र गिरी (२०५६), पाश्चात्य समालोचना सिद्धान्त र नेपाली समालोचना, काठमाडौं वाङ्मय प्रकाशन गृह ।

कुमार, रञ्जीत (सन् १९९९), रिसर्च मेथोडोलोजी, लन्डन : सेज पब्लिकेसन ।

कोइराला, पुष्पा (२०५९), कक्षा ६ को हाम्रो नेपाली किताबको विश्लेषणात्मक अध्ययन, अप्र. स्नातकोत्तर शोधपत्र, ने.भा.शि.वि., त्रि.वि. कीर्तिपुर ।

खनाल, पेशल (२०६१), भाषिक अनुसन्धान विधि, दीक्षान्त पुस्तक भण्डार, त्रि.वि., कीर्तिपुर ।

गोरखापत्र संस्थान, मासिक बाल प्रकाशन, मुना, वर्ष १७, अङ्क ६, पूर्णाङ्क १९८, काठमाडौं, २०६४ (जेठ) ।

घिमिरे, विष्णुहरि (२०५६), हाम्रो नेपाली किताव कक्षा आठको बोधगम्यता अध्ययन ।

ज.व.रा. स्वयंप्रकाश र अन्य (२०५८), शिक्षामा मापन र मूल्याङ्कन, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

जोशी, पुष्पराज (दो.सं. ०६१), अनुसन्धान पद्धति, बुद्ध एकेडेमि पब्लिशर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

ढुङ्गेल, भोजराज र दुर्गा दाहाल (२०५७), परिचयात्मक नेपाली भाषा शिक्षण, काठमाडौंः एम.के. पब्लिशर्स एन्ड डिस्ट्रिब्युटर्स ।

)))))))), (२०५७), भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति, काठमाडौंः एम.के. पब्लिसशर्स एन्ड डिस्ट्रिब्युटर्स ।

)))))))), (२०५९), प्रायोगिक भाषाविज्ञान, काठमाडौं : एम.के. पब्लिसशर्स एन्ड डिस्ट्रिब्युटर्स ।

थापा, सुशिला (२०६१), कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूमा लेख्य चिन्ह प्रयोग क्षमताको अध्ययन, अप्र. स्नातकोत्तर शोधपत्र, ने.भा.शि.वि., त्रि.वि. कीर्तिपुर ।

दाहाल, पेशल र सोमप्रसाद खतिवडा (२०५९), अनुसन्धान पद्धति, काठमाडौं : एम्.के. पब्लिशर्स एन्ड डिस्ट्रिब्युटर्स ।

पाठ्यक्रम विकास केन्द्र, (२०४९), प्राथमिक शिक्षा पाठ्यक्रम, सानोठिमी भक्तपुर ।

)))))))), (२०५७ दो.स.), निम्नमाध्यमिक नेपाली पाठ्यक्रम, सानोठिमी भक्तपुर ।

)))))))), (२०५७ दो.स.), निम्नमाध्यमिक नेपाली पाठ्यक्रम, सानोठिमी भक्तपुर ।

)))))))), (२०६३), माध्यमिक तहको विशिष्टीकरण तालिका, सानोठिमी भक्तपुर ।

)))))))), हाम्रो नेपाली किताब कक्षा ६, भक्तपुर जनक शिक्षा सामग्री केन्द्र, २०६३ ।

बन्धु, चूडामणि (२०५२), अनुसन्धान तथा प्रतिवेदन लेखन, काठमाडौं : रत्नपुस्तक भण्डार ।

भण्डारी, पारसमणि (२०५४), प्रायोगिक भाषाविज्ञानका केही पक्ष, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र माधव पौडेल (२०६१), साहित्यशास्त्र र नेपाली समालोचना, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

राई, शङ्करकुमार (२०३९), दसौं श्रेणीमा अध्ययनरत विद्यार्थीहरूको नेपाली भाषा मौनपठन बोध : एक अध्ययन ।

लामिछाने, निर्मलादेवी, लिस्नि· कम्प्रिहेन्सन अफ ग्रेड ९क्ष्ह० स्टुडेन्टस् रेकर्ड मेट्रियल्स, एम.एड. थेसिस त्रि.वि. कीर्तिपुर ।

लामिछाने, यादवप्रकाश (२०५३), नेपाली भाषा शिक्षण परिचय, काठमाडौं, विद्यार्थी पुस्तक भण्डार ।

लंसाल, रामचन्द्र र अन्य (२०५७), नेपाली शिक्षक निर्देशिका (कक्षा दश), काठमाडौं : पा.वि.के., सानोठिमी, भक्तपुर ।

वाग्ले, मनप्रसाद र उपेन्द्रकुमार कार्की (२०५८), शिक्षाका आधारहरू, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र माधव पौडेल (२०६०), नेपाली भाषा र साहित्य शिक्षण, काठमाडौं, न्यु हिरा बुक्स ।

शर्मा, मोहनराज र खगेन्द्र लुइटेल (२०५२), शोधविधि, काठमाडौं : साझा प्रकाशन ।

शर्मा, वसन्तकुमार, (२०५७), नेपाली शब्दसागर, काठमाडौं, भाभा पुस्तक भण्डार ।

शाक्य, रेणुका (२०३९), पठनबोध : एक अध्ययन (सामाजिक कथा विधा, कक्षा आठ)

सुवेदी, हिरालाल (२०५७), रिडिङ कम्प्रेहेन्सन अफ द ग्रेड नाइन स्टुडेन्ट अफ काठमाडौं एन्ड झापा : कम्प्रेटिभ स्टडी (एम.एड. थेसिस) त्रि.वि. कीर्तिपुर ।

सुवेदी, भूमिप्रसाद (२०६०), पा“च कक्षामा अध्ययनरत विद्यार्थीहरूको सस्वरवाचनसम्बन्धी अध्ययन, अप्र. शोधपत्र, ने.भा.शि.वि., त्रि.वि., कीर्तिपुर ।

श्रेष्ठ, लिलि (२०५५), अ स्टडी अफ रिडिङ कम्प्रिहेन्सन इन द इङ्गलिस ल्याङ्ग्वेज अफ द स्टुडेन्ड अफ ग्रेड एट (एम.एड. थेसिस) त्रि.वि. कीर्तिपुर ।

ज्ञवाली, कृष्णप्रसाद (२०६२), कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन, अप्र. स्नातकोत्तर शोधपत्र, ने.भा.शि.वि., त्रि.वि., कीर्तिपुर ।

## परिशिष्ट-क

## पूर्वपरीक्षणका निम्ति प्रयोग गरिएका प्रश्नहरू

नामः छात्र/छात्राः

कक्षाः उमेरः

मातृभाषाः गाउँ/सहरः

विद्यालयको नामः

पढिरहेको विद्यालयः सरकारी ☐ बोर्डिङः ☐

१. शिक्षकले वाचन गरेको अनुच्छेद ध्यानपूर्वक सुनी तल दिइएको निर्देशनअनुसार प्रश्नहरूको उत्तर दिनुहोस् ।

क) तल दिइएका विकल्पहरू मध्ये सर्वोकृष्ट उत्तरमा (√) चिन्ह लगाउनुहोस् ।

(१) गाउँका मानिसहरू केका लागि पशुहरू पाल्ने गर्थे ?

(क) मासुका लागि (ख) दुधका लागि

(ग) मलका लागि (घ) पैसाका लागि

(२) मानिसहरू हिउँदमा तराई किन झर्थे ?

(क) भारी बोक्न (ख) खेती गर्न

(ग) घुमफिर गर्न (घ) पशु किनबेच गर्न

(३) मताने माहिलाले पालेको पाडीको नाम के थियो ?

(क) सेती (ख) मोती (ग) कैली (घ) काली

(४) मताने माहिलाले पालेको पाडी कस्तो थियो ?

(क) फुस्रो र भद्दा (ख) दुव्लो र अग्लो

(ग) चिल्लो र सलक्क (घ) कालो र सानो

(५) 'जायजेथा' शब्दको पर्यायवाची शब्द कुन हो ?

(क) धनसम्पत्ति (ख) इच्छा (ग) शक्ति (घ) स्वामित्व

(ख) तलका प्रश्नहरूको अतिसङ्क्षिप्त उत्तर दिनुहोस् ।

(१) मताने माहिलाका छोरा कति जना थिए ?

उत्तरः ...................................................................................................

(२) मताने माहिलाको कान्छो छोराको नाम के हो ?

उत्तरः ...................................................................................................

(३) पाडीको थलो कस्तो हुन्थ्यो ?

उत्तरः ...................................................................................................

(४) ठुले र साने कसको स्याहार सुसार गर्थे ?

उत्तरः ...................................................................................................

(५) 'अर्पपर्म' शब्दको अर्थ लेख ।

उत्तरः ...................................................................................................

२. शिक्षकले वाचन गरेको अनुच्छेद ध्यानपूर्वक सुनी तल दिइएको निर्देशन अनुसार प्रश्नहरूको उत्तर दिनुहोस् ।

(क) तल दिइएका विकल्पहरू मध्ये सर्वोत्कृष्ट उत्तरमा (√) चिन्ह लगाउनुहोस् ।

(१) सागर कति कक्षामा पढ्थ्यो ?

(क) चार (ख) पाँच (ग) छ (घ) सात

(२) बदमास केटाहरूले बाटामा केको बोक्रा फ्याकेका थिए?

(क) आँपको (ख) अनारको (ग) लिचीको (घ) केराको

(३) सागर र उसका साथीहरूलाई कसले आशिर्वाद दियो ?

(क) वृद्धले (ख) हरि सरले (ग) साथीहरूले (घ) प्रधानाध्यापकले

(४) वृद्ध व्यक्ति को थिए ?

(क) सागरका बुबा (ख) साथीका बुबा (ग) हरि सरका बुबा

(घ) प्रधानाध्यापकका बुबा

(५) हरि सरले कुन विषय पढाउनुहुन्थ्यो ?

(क) नेपाली (ख) गणित (ग) अङ्ग्रेजी (घ) विज्ञान

(ख) तलका प्रश्नहरूको अति सङ्क्षिप्त उत्तर दिनुहोस् ।

(१) बदमास विद्यार्थीले के लिएर आएको थियो ?

उत्तरः ..................................................................................................

(२) केराको बोक्रामा चिप्लिएर को लड्यो ?

उत्तरः ..................................................................................................

(३) बदमास केटाहरू किन गलल्ल हाँसे ?

उत्तरः ..................................................................................................

(४) हरि सरले कसलाई स्यावास दिनुभयो ?

उत्तरः ..................................................................................................

(५) यस कथाको शीर्षक के हुन सक्छ ?

उत्तरः ..................................................................................................

**३. शिक्षकले पूरा अनुच्छेद वाचन गरेको ध्यानपूर्वक सुनी तल दिइएको अनुच्छेदका खाली ठाउ“मा अनुच्छेदमाथि बाकसमा दिइएका उपर्युक्त शब्दहरू छानी भर्नुहोस् ।**

| |
|---|
| सम्पूर्ण, हुन्छन्, कुराहरू, पर्छ, डर, हो, तहभन्दा, मानिस, मिल्दाजुल्दा, सबै |

(क) मानिस विद्या, बुद्धि र विवेकको खानी ............... । यिनै विशेष गुणहरूले गर्दा ऊ पशुको ......... धेरै माथि उठ्न सकेको हो । धेरै ......... त मानिस र अन्य प्राणीका बीच ............ नै देखिन्छन् । सबै प्राणीहरूले खानेकुरा खानै .............. रहेकै हुन्छ । जन्मने र मर्ने क्रिया ............ प्राणीमा एकै रूपमा देखिन्छ । यी कुराहरू .............. र पशुका बीच समान रूपले रहेका ................. ।

| |
|---|
| टाढाको, सक्ने, युग, बारेमा, हो, र,<br>क्षेत्रमा, गर्दा मोटर, कुराकानी |

(ख) वर्तमान युग विज्ञान र प्रविधिको युग ................. । विज्ञानले विविध क्षेत्रमा गरेको प्रगतिले वर्तमान ..................... सुविधा युक्त बन्न पुगेको छ । टेलिफोनको आविष्कारले .............. संसारका कुनाकुनामा तुरुन्तै सम्पर्क गरी दोहोरो ................ गर्न सम्भव भएको छ भने रेडियो ............. टेलिभिजनका माध्यमबाट विश्वमा घटेका विभिन्न घटनाहरूका ................. घरैमा बसीबसी समाचार सुन्न र हेर्न ................ सुविधा पुगेको छ । यसैगरी रेल, ................... पानीजहाज,

हवाईजहाज यस्ता यातायातका साधनहरूले टाढा ............... गन्तव्यलाई पनि सुगम तुल्याइदिएका छन् । वैज्ञानिक .............. आशातीत प्रगति भएको छ ।

परिशिष्ट ख

अध्ययनका निमित्त प्रयोगमा ल्याइएका प्रश्नहरू

नामः छात्र/छात्राः

कक्षाः उमेरः

मातृभाषाः गाउँ/शहरः

विद्यालयको नामः

पढिरहेको विद्यालयः सरकारी ☐ बोर्डिङः ☐

**१. दृश्टांश श्रव्यपाठ्य सामग्री**

क) शिक्षकले वाचन गरेको अनुच्छेद ध्यानपूर्वक सुनी सर्वोकृष्ट उत्तरमा (√) चिन्ह लगाउनुहोस् ।

(१) गाउँका मानिसहरू के का लागि पशुहरू पाल्ने गर्थे ?

(क) मासुका लागि (ख) दुधका लागि

(ग) मलका लागि (घ) पैसाका लागि

(२) मानिसहरू हिउँदमा तराई किन झर्थे ?

(क) भारी बोक्न (ख) खेती गर्न

(ग) घुमफिर गर्न (घ) पशु किनबेच गर्न

(३) मताने माहिलाले पालेको पाडीको नाम के थियो ?

(क) सेती (ख) मोती (ग) कैली (घ) काली

(४) मताने माहिलाको पालेको पाडी कस्तो थियो ?

(क) फुस्रो र भद्दा (ख) दुव्लो र अग्लो

(ग) चिल्लो र सलक्क (घ) कालो र सानो

(५) 'जायजेथा' शब्दको पर्यायवाची शब्द कुन हो ?

(क) धनसम्पत्ति (ख) इच्छा (ग) शक्ति (घ) स्वामित्व

(ख) तलका प्रश्नहरूको अतिसङ्क्षिप्त उत्तर दिनुहोस् ।

(१) मताने माहिलाका छोरा कतिजना थिए ?

उत्तरः ..........................................................................................

(२) मताने माहिलाको कान्छो छोराको नाम के हो ?

उत्तरः ..........................................................................................

(३) पाडीको थलो कस्तो हुन्थ्यो ?

उत्तरः ..........................................................................................

(४) ठुले र साने कसको स्याहार सुसार गर्थे ?

उत्तरः ..........................................................................................

(५) 'अर्पपर्म' शब्दको अर्थ लेख ।

उत्तरः ..........................................................................................

**२. अदृष्टांश श्रव्यपाठ्य सामग्री**

(क) शिक्षकले वाचन गरेको अनुच्छेद ध्यानपूर्वक सुनी सर्वोत्कृष्ट उत्तरमा (√) चिन्ह लगाउनुहोस् ।

(१) सागर कति कक्षामा पढ्थ्यो ?

(क) चार (ख) पाँच (ग) छ (घ) सात

(२) बदमास केटाहरूले बाटामा केको बोक्रा फ्याकेका थिए?

(क) आँपको (ख) अनारको (ग) लिचीको (घ) केराको

(३) सागर र उसका साथीहरूलाई कसले आशिर्वाद दियो ?

(क) वृद्धले (ख) हरि सरले (ग) साथीहरूले (घ) प्रधानाध्यापकले

(४) वृद्ध व्यक्ति को थिए ?

(क) सागरका बुबा (ख) साथीका बुबा (ग) हरि सरका बुबा

(घ) प्रधानाध्यापकका बुबा

(५) हरि सरले कुन विषय पढाउनुहुन्थ्यो ?

(क) नेपाली (ख) गणित (ग) अङ्ग्रेजी (घ) विज्ञान

(ख) तलका प्रश्नहरूको अतिसङ्क्षिप्त उत्तर दिनुहोस् ।

(१) बदमास विद्यार्थीले के लिएर आएको थियो ?

उत्तरः ..........................................................................................

(२) केराको बोक्रामा चिप्लिएर को लड्यो ?

उत्तरः ..........................................................................................

(३) बदमास केटाहरू किन गलल्ल हाँसे ?

उत्तरः ..........................................................................................

(४) हरि सरले कसलाई स्यावास दिनुभयो ?

उत्तरः ..........................................................................................

(५) 'कुलेलम ठोक्नु' को अर्थ लेख ।

उत्तरः ..........................................................................................

**३. शिक्षकले पुरा अनुच्छेद वाचन गरेको ध्यानपूर्वक सुनी तलदिइएको अनुच्छेदका खाली ठाउँमा अनुच्छेदमाथि बाकसमा दिइएका उपर्युक्त शब्दहरू छानी भर्नुहोस् ।**

| |
|---|
| पशुका, प्यारो, शक्ति, र, प्रकारको, माथि, चाहने, यिनै, सम्पूर्ण, प्राणीहरूले |

(क) मानिस विद्या, बुद्धि र विवेकको खानी हो । ........ विशेष गुणहरूले गर्दा ऊ पशुको तहभन्दा धेरै ......... उठ्न सकेको हो । धेरै कुराहरू त मानिस ....... अन्य प्राणीका बीच मिल्दाजुल्दा नै देखिन्छन् । सबै .............. खानेकुरा खानै पर्छ । निद्रा सबै प्राणीका लागि ................ हुन्छ । सबै प्राणीका मनमा एक न एक ................ डर रहेकै हुन्छ । जन्मने र मर्ने क्रिया ............ प्राणीमा एकै रूपमा देखिन्छ । यी कुराहरू मानिस र ................. बीच समानरूपले रहेका हुन्छन् । सबैको कल्याण .............., गर्न नहुने काम नगर्ने र ठीकबेठीक छुट्याउने .............. चाहिँ मानिसबाहेक अरू प्राणीमा पाइन्न ।

| |
|---|
| टाढाको, सक्ने, युग, बारेमा, हो, र,<br>क्षेत्रमा, गर्दा मोटर, कुराकानी |

(ख) वर्तमान युग विज्ञान र प्रविधिको युग हो । .......... विविध क्षेत्रमा गरेको प्रगतिले वर्तमान युग सुविधायुक्त .......... पुगेको छ । टेलिफोनको आविष्कारले गर्दा संसारका कुनाकुनामा ........... सम्पर्क गरी दोहोरो कुराकानी गर्न सम्भव भएको ............. भने रेडियो र टेलिभिजनका माध्यमबाट विश्वमा घटेका ........... घटनाहरूका बारेमा घरैमा बसीबसी समाचार सुन्न र ........... सक्ने सुविधा पुगेको छ । त्यसै गरी रेल, ............ पानीजहाज, हवाईजहाज जस्ता यातायातका साधनहरूले टाढा टाढाको ............ पनि सुगम तुल्याइदिएका छन् । वैज्ञानिक क्षेत्रमा भएको ............ प्रगतिले गर्दा घरायसी कामदेखि लिएर कृषि, उद्योग, ................ आदि क्षेत्रमा मानवको जीवनपद्धति सुखी, सम्पन्न र सुविधायुक्त बन्न पुगेको छ ।

## परिशिष्ट-ग
## अध्ययनका निमित्त प्रयोगमा ल्याइएका पाठ्यसामग्री

१. दृष्टांश (श्रवण पाठ्यसामग्री)

(कक्षा छ को हाम्रो नेपाली किताबमा समाविष्ट ठुले र साने (कथा) पाठको १ देखि ३ अनुच्छेदसम्म श्रवण गराइने)

एउटा गाउँमा सानो बस्ती थियो । त्यहाँका मानिसहरू त्यति पढेलेखेका थिएनन् । जायजेथामा पनि गरिब थिए । अर्मपर्म गरेर आफ्नो खेतबारीको काम गर्थे । वर्षका बाँकी दिनहरू मेलापात गर्थे । हिउँदमा भारी बोक्न तराईसम्म झर्थे र कहिले त मुगलानसम्म पनि पुग्थे । उनीहरूले यस किसिमको कमाइबाट हातमुख जोर्ने, नुनतेलको समस्या टार्ने र दशैं तिहारजस्ता चाड मनाउने गरेका थिए । निमेक र ज्यालाको भरमा आफ्नो दुखेसो गर्ने त्यहाँका मानिसहरू पशुपालनमा त्यति चासो राख्दैनथे । गरिब भएकाले पशुहरू किन्न पनि सक्दैनथे । केवल खेतीपातीको मलका लागि बाख्रापाठा र पाडाबाछा पाल्ने गर्थे ।

त्यस बस्तीमा एउटा मताने माहिलो थियो । उसको वास्तविक नाम के थियो, कसैलाई थाहा थिएन । सबै उसलाई मताने माहिला भनेर बोलाउने गर्थे । उसका दुई छोरा थिए । जेठाको नाम ठुले र कान्छाको नाम साने थियो ।मताने माहिलाले एउटा पाडी अधियाँ पालेको थियो । त्यसलाई उरले निखनेर केही समयदेखि एकलौटी बनाएको थियो । पाडी पनि नभन्दै चिल्लो र सलक्क परेको थियो । उसका छोराहरू त्यस पाडीको स्याहारसुसारमा हुरुक्क हुन्थे । वस्तुभाउको नाममा उनीहरूको त्यही पाडी मात्र थियो ।उसका छोराहरू बिहान उठ्ने बित्तिकै पाडीलाई घाँस हाल्न पुग्थे । गोबर सोहोर्थे । पाडीको जिउ पानीले पखाल्थे । शरीरमा झिँगा बस्न दिदैनथे । थलो ओबानु हुन्थ्यो । दिनभर घाँस काटेर खुवाउँथे । पाडीलाई मोती भनेर बोलाउँथे । उनीहरूका लागि मोती “मोती” को टुक्राजस्तै थियो । नभन्दै मोती पनि एक दिन माउ भैंसी बन्यो ।

२. अदृष्टांश (श्रव्य पाठ्यसामग्री)

(मासिक बालप्रकाशन मुनामा (०६४/जेठ) समाविष्ट शिवराम सापकोटाद्वारा लिखित "शीर्षक के हो ?" कथाको केही अंश वाचन गरी विद्यार्थीहरूलाई श्रवण गराइनें)

स्कुल छुटेपछि सागर र उसका मिल्ने साथीहरू घर फर्कदै थिए । उनीहरू पाँच कक्षामा पढ्थे ।उनीहरूसँगै पढ्ने केही विद्यार्थी बदमास थिए । एकदिन बदमास विद्यार्थीमध्ये एकजनाले एक दर्जन केरा लिएर आएको रहेछ ।केराको बोक्रा फालेर बाटोमा हिँड्नेलाई लडाउने र रमाइलो मान्ने उनीहरूको योजना रहेछ । त्यसैले स्कुल छुट्नासाथ छिटो-छिटो उनीहरू बाटोमा केराको बोक्रा फ्याँकेर यात्रु कुरिरहेका थिए ।

सागर र उसका मिल्ने साथीहरू पनि त्यही बाटो आउँदै थिए । उनीहरूभन्दा केही अगाडि एकजना बृद्ध व्यक्ति हिँडिरहेका थिए । बृद्ध व्यक्ति आफ्नै धुनमा थिए । बाटोमा फालिएको केराको बोक्रा उनले देखेनन् । एकसुरले हिँडिरहेका वृद्ध व्यक्ति केराको बोक्रामा चिप्लिएर नराम्रोसँग लडे । वृद्ध व्यक्ति लडेको देखेर बदमास केटाहरू गलल्ल हाँस्न थाले ।

सागर र उनका मिल्ने साथीहरूले वृद्ध व्यक्तिलाई सडकबाट उठाए । वृद्ध व्यक्तिले सागर र उसका साथीलाई धेरै धेरै धन्यवाद र आशीर्वाद दिए । सागरका बदमास साथीहरू पनि त्यो दृष्य हेरिरहेका थिए ।

एकैछिनमा त्यहाँ सरहरू पनि आइपुग्नुभयो । ती वृद्धलाई हेरेर उनीहरूलाई अङ्ग्रेजी पढाउने हरि सरले भन्नुभयो - "बुवा, तपाई यहाँ ?"

ती वृद्ध व्यक्तिले पनि हरि सरलाई सबै कुरा भने । सागर र उसका राम्रा साथीहरू अनि केराको बोक्रा फ्याँकेर बसेका खराब साथीहरूले बल्ल थाहा पाए- ती वृद्ध व्यक्ति त हरि सरको बा पो हुनुहुँदोरहेछ ।

हरि सरका बाले ती खराब केटाहरूको कुरा भन्न नभ्याउँदै ती बदमास केटाहरू कुलेलम ठोकिहाले । सागर र उसका राम्रा साथीहरूलाई हरि सरले 'स्याबास' भन्नुभयो ।

३. (क) दृष्टांश पाठ्यसामग्री

(कक्षा छ को हाम्रो नेपाली किताबमा समाविष्ट “सामाजिक मेलमिलाप” (प्रबन्ध) पाठको १ अनुच्छेदको अंश श्रवण गराइने)

मानिस विद्या, बुद्धि र विवेकको खानी हो । यिनै विशेष गुणहरूले गर्दा ऊ पशुको तहभन्दा धेरै माथि उठ्न सकेको हो । धेरै कुराहरू त मानिस र अन्य प्राणीका बीच मिल्दाजुल्दा नै देखिन्छन् । सबै प्राणीहरूले खानेकुरा खानै पर्छ । निद्रा सबै प्राणीका लागि प्यारो हुन्छ । सबै प्राणीका मनमा एक न एक प्रकारको डर रहेकै हुन्छ । जन्मने र मर्ने क्रिया सम्पूर्ण प्राणीमा एकै रूपमा देखिन्छ । यी कुराहरू मानिस र पशुका बीच समान रूपले रहेका हुन्छन् ।

(ख) अदृष्टांश पाठ्यसामग्री

वर्तमान युग विज्ञान र प्रविधिको युग हो । विज्ञानले विविध क्षेत्रमा गरेको प्रगतिले वर्तमान युग सुविधायुक्त बन्न पुगेको छ । टेलिफोनको आविष्कारले गर्दा संसारका कुनाकुनामा तुरुन्तै सम्पर्क गरी दोहोरो कुराकानी गर्न सम्भव भएको छ, भने रेडियो र टेलिभिजनका माध्यमबाट विश्वमा घटेका विभिन्न घटनाहरूका बारेमा घरैमा बसी-बसी समाचार सुन्न र हेर्न सक्ने सुविधा पुगेको छ । यसैगरी रेल, मोटर, पानीजहाज, हवाईजहाज जस्ता यातायातका साधनहरूले टाढा-टाढाको गन्तव्यलाई पनि सुगम तुल्यादिएका छन् । वैज्ञानिक क्षेत्रमा आशातीत प्रगति भएको छ ।

# व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| नाम | : | राम पोखरेल |
| ठेगाना | : | इटहरी-४, सुनसरी |
| जन्म मिति | : | २०३४-०१-०३ |
| बुबाआमाको नाम | : | ढुण्डीराज पोखरेल र प्रेमकुमारी पोखरेल |
| शैक्षिक योग्यता | : | एम.एड. (नेपाली) |
| पेसा | : | विद्यार्थी |
| शिक्षा | : | एम.एड. नेपाली |
| १. एस.एल.सी | : | श्री महेन्द्र मा.वि., तोपगाछी-३, झापा |
| २. आइ.एड्. | : | सुकुना बहुमुखी क्याम्पस, मोरङ |
| ३. वी.एड्. | : | सुकुना बहुमुखी क्याम्पस, मोरङ |
| ४. एम.एड. | : | विश्वविद्यालय क्याम्पस, कीर्तिपुर, काठमाडौं, २०६४ । |

## शोधसार

शोधशीर्षक : कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमताको अध्ययन

शोधार्थी : राम पोखरेल

शोधनिर्देशक : उपप्रा. राजेन्द्रप्रसाद पौडेल

विभाग/क्याम्पस : नेपाली भाषा शिक्षा विभाग, त्रि.वि, कीर्तिपुर ।

शैक्षिक वर्ष : २०६१/०६३

पृष्ठ सङ्ख्या : ५८+१९

अध्याय : ६

**शोध प्रक्रिया :**

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत एम.एड. नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनको लागि तयार पारिएको हो ।

यस अध्ययनको उद्देश्य कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको श्रुतिबोध क्षमताको अध्ययन गर्नु हो । यस अन्तर्गत काठमाडौं जिल्लाका निजी तथा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकता, स्थानीयता, विद्यालयको प्रकृति र भाषिक पृष्ठभूमिका आधारमा अध्ययनको विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्रको लागि सामग्री सङ्कलन गर्ने क्रममा प्राथमिक स्रोतको रूपमा काठमाडौं जिल्लाका तीनवटा निजी विद्यालयका ६८ र तीनवटा सार्वजनिक विद्यालयका ७२ जना विद्यार्थीहरू गरी जम्मा ६ वटा विद्यालयबाट १४० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिइएको छ भने गौण सामग्रीका रूपमा सन्दर्भ पुस्तकहरू, पत्रपत्रिकाहरू तथा विभिन्न लेख रचनाहरू रहेका छन् ।

छ अध्यायमा सङ्गठित प्रस्तुत शोधपत्रमा क्रमशः शोधपरिचय, शोधविधि, सैद्धान्तिक परिचय, व्याख्या तथा विश्लेषण, तुलनात्मक विश्लेषण र निष्कर्ष तथा सुझावहरूमा विभाजित छ ।

**शोधनिष्कर्ष :**

- समग्र श्रुतिबोध क्षमताको स्थितिमा विद्यार्थीहरूको क्षमतालाई प्रतिशतमा गणना गर्दा विद्यार्थीहरूको समग्र श्रुतिबोध क्षमता सन्तोषजनक रहेको देखिन्छ ।
- स्थानीयताका आधारमा गाउँका विद्यार्थीहरूको मध्यमानभन्दा माथि ५७.१४ प्रतिशत र मध्यमानभन्दा तल ४२.८५ प्रतिशत विद्यार्थीहरू रहनुले गाउँका विद्यार्थीहरूको श्रुतिबोध क्षमता उच्च रहेको छ भने सहरतर्फ मध्यमानभन्दा माथि ४०.४७ प्रतिशत र मध्यमानभन्दा तल ५९.५२ प्रतिशत विद्यार्थीहरू देखिनुले सहरतर्फको विद्यार्थीहरूको श्रुतिबोध क्षमता कमजोर देखिन्छ ।
- लैंगिक आधारमा समग्र श्रुतिबोध क्षमतालाई हेर्दा मध्यमानभन्दा माथि ४० प्रतिशत र मध्यमानभन्दा तल ६० प्रतिशत रहेकोले समग्र मध्यमानका आधारमा कक्षा ६ मा अध्ययनरत छात्रको श्रुतिबोध क्षमता कमजोर रहेको पाइन्छ । छात्राको श्रुतिबोध क्षमता मध्यमानभन्दा माथि ५७.१४ प्रतिशत र मध्यमानभन्दा तल ४४.१५ प्रतिशत विद्यार्थीहरू रहनुले छात्रा विद्यार्थीहरूको श्रुतिबोध क्षमता उच्च रहेको छ ।
- समग्र विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश श्रुतिबोध क्षमताको स्थितिलाई तुलनात्मक रूपमा विश्लेषण गर्दा दृष्टांश श्रुतिबोध क्षमता अदृष्टांश श्रुतिबोध क्षमताभन्दा सन्तोषजनक देखिन्छ ।
- विद्यालयको प्रकृतिका आधारमा हेर्दा सार्वजनिक विद्यालयतर्फका विद्यार्थीहरू मध्यमानभन्दा माथि बहुसङ्ख्यक र निजी विद्यालयतर्फका विद्यार्थीहरू मध्यमानभन्दा तल बहुसङ्ख्यक रहनुले सार्वजनिक विद्यालयका विद्यार्थीहरूको श्रुतिबोध क्षमता सन्तोषजनक देखिन्छ भने निजी विद्यालयतर्फका विद्यार्थीहरूको समग्र श्रुतिबोध क्षमता निराशजनक देखिन्छ ।
- भाषिक पृष्ठभूमिका आधारमा हेर्दा नेपाली विद्यार्थीहरूको समग्र श्रुतिबोध क्षमता उच्च रहेको देखिन्छ भने नेपाली दोस्रोभाषी विद्यार्थीहरूको समग्र श्रुतिबोध क्षमता निम्न रहेको देखिन्छ ।